पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : २६ | २०७२ माघ २९ गते शुक्रबार (Feb 12 , 2016) | मूल्य रू. १०/-

## सुशीललाई मारिएको आशंका

काठमाडौं । सुशील कोइराला बिते, उनी बितेपछि नेपाली कांग्रेस पार्टी झस्किएको छ । त्यति ठूलो पार्टीका सभापति र संसदको मेजर पार्टीका नेता बिरामी भएको कुरा लुकाइयो, उनलाई बेलैमा अस्पताल लगिएन । किन ? प्रश्न उठेका छन्, उत्तर कसैसँग पनि छैन । सुशीलका निजी डाक्टर हुन्- कविरनाथ योगी । उनी भन्छन्- घरमै उपचार भइरहेको थियो । घरमै उपचार भएको भए टिचिङमा हतार हतार किन भिआइपी क्याविन बुक गरियो, तैपनि लगिएन । पछि भनियो- एम्बुलेन्स आउन ढिला भयो ।

सुशील प्राकृतिक मृत्यु मरे कि उनलाई जानजान मारियो ? यो प्रश्नका (बाँकी अन्तिम पेजमा)

# ओलीको भारत भ्रमणमा तीन सन्धी हुने खतरा

काठमाडौं । प्रधानमन्त्री केपी ओली फागुन ७ गते दिल्ली जाने साइत जुरिसकेको छ । नाका नखुले भारत होइन, चीन जान्छु भनेर घुर्क्याएपछि भारतले अकस्मात नाका सहज पारिदियो । रक्सौलबाट पर्याप्त इन्धनसमेत पठाउन थालिसकेको छ । यो सब देखेर प्रम केपी ओलीले भारतलाई कूटनीतिक भाषामा





धन्यवाद दिएका छन् यसरी- दुःखको बेलामा छिमेकी नै काम आउने रहेछन् ।

कांग्रेस सभापतिको निधनमा भारतका राष्ट्रपति, प्रधानमन्त्री, गुहमन्त्रीले समवेदन प्रकट गरिसकेपछि पनि विदेश मन्त्री सुषमा स्वराजको टिमलाई माघ २६ मा विशेष दूतका रूपमा नेपाल पठायो र एकपन्थ दुई काम गरेर फर्केको छ । समवेदना प्रकट गर्ने काम त भयो, साथै सोही दिन साँझ भारतका विदेशमन्त्री सुषमा स्वराजले प्रधानमन्त्री ओलीलाई भेटेर उनको कानमा आकाशवाणी सुनाएर फर्केकी छिन् । अर्थात ओली अरू हौसिएर दिल्ली जाँदैछन् ।

(बाँकी अन्तिम पेजमा)

## एमाओवादीलाई स्वाइनफ्लू



काठमाडौं । सत्ता र शक्ति, मनी र मसलफ्लूका लागि दुर्नाम कमाएको एमाओवादीले माघ १० गतेदेखि बिघटित वाईसीएललाई पुनर्जन्म गराएर फेरि आतंक फैलाउने तरखर के गरेको थियो, त्यही एमाओवादीका उपाध्यक्ष नारायणकाजी श्रेष्ठलाई स्वाइनफ्लू भएको प्रमाणित भएको

(बाँकी अन्तिम पेजमा)

## भारतले गऱ्यो कोइरालाको प्रसंशा

अभियान संवाददाता

काठमाडौं । स्वर्गीय सुशील कोइराला प्रधानमन्त्री रहेकै बेला छिमेकी मुलुक भारतले नेपालमाथि अघोषित रूपमा नाकाबन्दी लगाएर नेपाल र नेपाली जनतालाई घुँडा टेकाउन खोजेको थियो । तर तिनै पूर्वप्रधानमन्त्री सुशील कोइरालाको निधन भएपछि भारतले पूर्वप्रधानमन्त्री सुशील कोइरालाको नेतृत्वमा संविधान जारी भइ जटिल राजनीतिक संक्रमणको मिसन पुरा गर्न सफल भएको भन्दै मरणोपरान्त प्रशंसा गरेको छ भारतले स्व. कोइरालालाई श्रद्धाञ्जली दिन भारतीय सर्वदलीय सांसदका साथ कोइरालालाई श्रद्धाञ्जली दिएपछि भारतीय



विदेशमन्त्री सुष्मा स्वराजले कोइरालाको राजनीतिक भूमिकाको प्रशंसा गरेकी थिइन् ।



कोइरालाको नेतृत्वमा संविधान जारी हुनुका साथै पहिलो संविधान

(बाँकी अन्तिम पेजमा)

## प्रधानमन्त्री ओलीप्रति नेता नेपालको कटाक्ष

अभियान संवाददाता

काठमाडौं । पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीले एकलौटी ढंगले पार्टी र सरकार चलाएको आरोप लगाएका छन् । प्रधानमन्त्री केपी ओली एकलौटी रूपमा हिँड्न खोजेको आरोप लगाउँदै नेता नेपालले पार्टीभित्रै अनुभवी व्यक्तिहरूसँग कुनै सरसल्लाह नगरी हिँड्न खोजेको बताउँदै त्यसले आन्तरिक लोकतन्त्रलाई समेत समाप्त पार्न खोजिएको आरोप लगाएका छन् ।

नेता नेपालले उक्त कुरा पाल्पामा पुगेर प्रेस चौतारीको एक कार्यक्रममा

(बाँकी अन्तिम पेजमा)



## आचार्यको स्वास्थ्य गम्भीर तर स्थिर

काठमाडौं । सभापति सुशील कोइरालालाई श्रद्धाञ्जली दिन पुगेका कांग्रेस नेता नरहरि आचार्य बेहोस भएपछि अस्पताल भर्ना गरिएको छ । बाँसबारीस्थित न्युरो अस्पतालमा उपचाररत उनको स्वास्थ्य गम्भीर तर स्थिर रहेको वरिष्ठ न्युरो सर्जन प्रा. डा. उपेन्द्र देवकोटाले बताएका छन् ।

उच्च रक्तचापका कारण नसा फुटेर रगत बहँदा मस्तिष्कमा गम्भीर असर परेकाले नेता आचार्य सुन्न सक्ने तर बोल्न नसक्ने अवस्थामा छन् । उनको शरीरको दायाँ भाग चलेको छैन । उपचारमा संलग्न वरिष्ठ न्युरो सर्जन देवकोटाका अनुसार उनको अवस्था निर्क्योल गर्न कम्तीमा पनि एक सातादेखि १४ दिनसम्म लाग्ने बताए । सुरुका चारदेखि सात दिनसम्म संवेदनशील रहेको उनको भनाइ छ ।

उच्च रक्तचापका कारण नसा फुटेर आचार्यको मस्तिष्कको बायाँ भागमा रहेको

(बाँकी अन्तिम पेजमा)

# सरकारको नाक कर्पोरेशनले बचाइदियो

काठमाडौं । संविधानसभाले संविधान निर्माण गरी जारी गरेपश्चात भारतले लगाएको अघोषित नाकाबन्दीले गर्दा सिंगो मुलुक नै इन्धन लगायतका अन्य आवश्यक वस्तुहरूको मारमा परेको थियो । त्यसमा पनि लोडसेडिङले गर्दा उपत्यका बासीले चुलोसम्म बाल्न नपाएको अवस्थामा ग्यास उद्योगीहरूले गरेको कालोबजारीले गर्दा उपभोक्ताहरू पीडित बनेको मा पब्लिक प्राइभेट पटनरसिप अन्तर्गत २०२० सालमा गठन भएको साल्टट्रेडिङ कर्पोरेशनले नाकाबन्दीका बेलामा समेत जनतालाई पुऱ्याएको सहयोगको जनताले सह्राना गरेका छन् । साल्टट्रेडिङ कर्पोरेशनले नून, तेल, चामल कागज लगायत केही मात्रामा भएपनि ग्यासको कारोबार



गरिरहेको छ । ग्यास उपभोक्ताहरूले ग्यास नपाएपछि उनीहरू साल्ट ट्रेडिङको ढोकामा पुग्थे । कर्पोरेशनको उच्च व्यवस्थापनले निर्देशन दिएनुसार त्यहाँ कार्यरत कर्मचारीहरूले विना भेदभाव आफ्नो ढोकामा आएका उपभोक्ताहरूलाई पालैपालो ग्याँस वितरण गरेर जनताको चुलो बाल्न सहयोग गरेको थियो ।

कर्पोरेशनले आफ्ना मात्र ग्राहकलाई होइन, सर्वसाधारणदेखि उच्चतहमा रहेका व्यक्तिलाई समेत पालैपालो ग्यास वितरण गरेर सबैलाई समान व्यवहार गरेको देख्दा एक उच्चतहमा आसिन व्यक्तिले भने, सरकारको नाक कर्पोरेशनले बचाइदिएको रहेछ । अन्य कम्पनीका ग्यासहरू उद्योग वा डिपोबाटै कालोबजारीमा बिक्री भएका भएपनि कर्पोरेशनले एसटिसी ग्याँस कालोबजारीमा बिक्री गरेको भेटिएन । वाणिज्य विभागले अनुगमन गर्दा समेत त्यस्तो प्रमाण

(बाँकी अन्तिम पेजमा)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# नाकाबन्दीबाट पाठ सिक्दै अघि बढौं

*जनताले चुनेका जनप्रतिनिधिहरूले संविधानसभाबाट बनाएको संविधान जारी भए लगत्तै दक्षिणी छिमेकी मुलुक भारतले अप्रत्यासित रुपमा लगाएको अघोषित नाकाबन्दी साढे ४ महिनापछि अघोषित रुपमै खुलेको छ । भारतले संधिवानका अन्तर्वस्तुलाई लिएर नेपालका केही मधेसवादी दलहरुमा देखिएको असन्तुष्टीलाई बहाना बनाएर लगाएको अघोषित नाकाबन्दी अघोषित रुपमै खुलेको छ । नेपाललाई चाहिने इन्धन ग्यास लगायत अति आवश्यक पर्ने सामानहरुको आयात हुने प्रमुख नाका रक्सौल-वीरगञ्ज साढे चारमहिनादेखि ठप्प हुँदा नेपालको अर्थव्यवस्था नै लथालिंग भएको र विकास निर्माण ठप्प भएको अवस्थामा अघोषित नाकाबन्दी खुल्नु स्वागत योग्य भएपनि भारतकोत्यो अमानवीय कायको विरोध गर्नैपर्छ । अघोषित नाकाबन्दी अमानवीय कार्य र राष्ट्रिय, अन्तर्राष्ट्रिय सन्धी सम्झौता विपरितको कार्य समेत थियो । नाकाबन्दीबाट दुवै पक्षलाई फाइदा भएको देखिँदैन । नाकाबन्दी नहुनु पर्ने थियो, भइहाल्यो र अब खुल्यो पनि । यसबाट नेपालले गतिलो पाठ सिके र अघि बढ्नु आजको अवाश्यक्ता हो ।*

*भारतले अहिलेमात्र नाकाबन्दी गरेको होइन, यो तेस्रो पटकको नाकाबन्दी हो । २०२७ र २०४५ सालमा भारतले घोषित रुपमै नाकाबन्दी गरेको थियो । आफ्ना कुरा लाद्न अनुदार व्यवहार अपनाउने गरेको भारतले फेरि नाकाबन्दी जस्तो अस्त्र नअपनाउला भन्न सकिँदैन । भारतले छरछिमेकी र अन्तर्राष्ट्रिय जगतमा राम्रो छवि बनाउने हो भने उसले पछिल्लो नाकाबन्दीबाट पाठ सिकेर बदलिँदै गएको अन्तराष्ट्रिय परिवेश अनुसारको व्यवहार छिमेकी मुलुकहरुलाई देखाउनु पर्छ । नेपालविरुद्ध पछिल्लो समयमा लगाएको नाकाबन्दीले उसलाई केही फाइदा भएन, उल्टो नेपालभित्र भारत विरोधी भावनामा व्यापक वृद्धि भयो । नेपाली जनताले भारतले लगाएको नाकाबन्दीको व्यापक विरोध गरे, त्यसैले अब भारतले नाकाबन्दी लगाउने अहिलेको जस्तो गल्ती नदोहोऱ्याउनु नै स्वयं भारतको हितमा हुनेछ भन्ने हामीले अपेक्षा गरेका छौं ।*

*आफ्नो कुरा सरकारले सुनेन भनेर केही मधेसवादी दलहरुले समेत आफ्नो आन्दोलनलाई नाकामा पुऱ्याएर नेपाली जनतालाई सास्ती दिनु र भारतमा गएर नेपालमाथि नाकाबन्दी लगाइदेउ भनेर अनुनयविनय गर्नुले स्वयं मधेसवादी दलहरुलाई घाटा भएको छ । आन्दोलनले गर्दा मधेसमा बसोबास गर्ने मधेसी र पहाडी दुवै खालका जनता पीडित भएका छन् । जनतालाई दुःखकष्ट दिने आन्दोलनले जनताको मन जित्न सकिने कुनै सम्भावना नै हुँदैन । पछिल्लो समयमा मधेसी मुद्दा भारतीय अपहरणमा परेको परिणाम स्वरुप अहिले दिल्ली र काठमाडौंको स्वार्थ सम्बन्ध नजिकिँदै गएको छ । त्यसैले आन्दोलनलाई असहज ढंगले अवतरण गर्नुपर्ने बाध्यता आइपरेको छ । नाका अवरोध जस्तो युद्धकालिन अमानवीय व्यवहारलाई सघाउने कार्यले गर्दा मधेस र पहाड दुवैतिर आन्दोलनकारीप्रति आक्रोश बढेको छ । आन्दोलनरत मधेसी मोर्चाले यो सत्य वास्तविकतालाई आत्मसाथ गर्दै आफ्ना राजनीतिक मागहरु पुरा गर्न आइदा यस्ता गल्ती गर्नु किमार्थ उचित हुनसक्दैन । उनीहरुले अब आन्दोलनलाई छोडेर वार्ता र सहमतिकै माध्यमबाट समस्याको समाधान खोज्नु उचित हुनेछ । सरकार र तीन ठूला दलले सीमाकंनका विषयमा राजनीतिक संयन्त्र गठन गरेर समस्याको समाधान गर्ने उद्घोष गरिसकेका हुनाले सरकार, तीन ठूला दल र मधेसी मोर्चाले अब ढिलो नगरी वार्ता र संवादलाई अघि बढाउँदै समस्याको समाधान गर्न ढिला गर्नु हुँदैन ।*

*भारतले लगाएको अघोषित नाकाबन्दीले २०७२ वैशाख १२ गते गएको भूकम्पमा परी पीडित भएका नेपाली जनतामाथि घाउमा नून छर्कने काम गरेको छ । भूकम्पमा परी पीडित भएका जनताले पर्याप्त राहत पाउन सकेका छैनन् भने इन्धनको अभावमा आवास निर्माणमा समेत समस्या परेको छ । यस्तो बेला एउटा असल छिमेकीले देखाउनु पर्ने व्यवहार भारतले देखाउन नसकेको हुनाले भारतप्रति नेपाली जनताको दिनप्रतिदिन आक्रोश बढ्दै गएको छ । इन्धनलगायत अन्य महत्वपूर्णसामानको झण्डै ७० प्रतिशत आयात हुने नाका बन्द गरेर भारतले जुन व्यवहार नेपालमाथि देखायो, त्यो अन्तर्राष्ट्रिय कानुन, सन्धी, सम्झौता विपरितको कार्य हो । मुलुक लामो राजनीतिक संक्रमणकालबाट बाहिरिँदै गर्दा भारतले लगाएको अघोषित नाकाबन्दीले प्रत्यक्ष, अप्रत्यक्ष रुपमा ठूलो असर परेपछि त्यसबाट पाठ सिकेर अब एउटै देश र एउटै नाकाको भर नपर्ने गरी सरकारले उत्तरी छिमेकी मुलुक चीनसँग सीमा जोडिएका क्षेत्रहरुबाट समेत नाका खोलेर दुवै देशसँग समान व्यवहार गर्नुपर्ने आवश्यकता प्रष्ट रुपमा देखिएको छ । कथम कदाचित एउटा देशले नाकाबन्दी गर्दा अर्को देशबाट आवश्यक सामान आयात गर्न सकिने गरी नाकाहरुको विकास गरिनु आवश्यक भएकाले त्यसतर्फ कदम चल्नु अहिले लगाएको नाकाबन्दीले पाठ सिकाएको छ भन्ने हामीले ठानेका छौं । हामी सरकारलाई अविलम्ब त्यसतर्फ अघि बढ्न आग्रह समेत गर्दछौं ।*

# दुवै पक्षको हठ नै समस्याको जड

देवेन्द्र चुडाल

नेपाली जनताका आफ्ना निर्वाचित जनप्रतिनिधिहरूले संविधानसभाबाट संविधान निर्माण गरी जारी गरेको संविधानलाई देखाएर छिमेकी मुलुक भारतले संविधान जारी भएको भोलीपल्टै अर्थात् असोज ४ गतेबाट लगाएको अघोषित नाकाबन्दी २०७२ माघ २२ गतेदेखि अघोषित रूपमै खुलेको छ । संविधान निर्माणकै क्रममा रहेका बेला केही मधेसवादी दलहरूले संविधानमा राखिएका केही प्रावधानहरूको विरोध गर्दै संविधान निर्माणलाई छोडेर मधेस आन्दोलनमा गएका थिए । मधेसवादी दलहरूका नेताहरूले पटक-पटक भारतको भ्रमण गरेका भएपनि ठोस निष्कर्ष भने निस्किएके थिएन । पछिल्लो पटक मधेसवादी दलका नेताहरू भारतको उत्तरी राज्य बिहार पुगेर त्यहाँक विभिन्न राजनीतिक दलका नेताहरूलाई भेटघाट गरेर भारतले लगाएको अघोषित नाकाबन्दी र मधेसवादी दलहरूले गरेको आन्दोलनका बारेमा जानकारी गराएका थिए । मधेसवादी दलहरूले मधेसमा गरेको अनिश्चितकालिन आन्दोलन र सीमानाकामा दिने धर्नाले गर्दा मुलुकको लागि अत्वाश्यक पर्ने इन्धन भित्रिने नाका रक्सौल-वीरगञ्ज नाकाबाट कुनै सामान आयात हुन नसकेपछि मुलुकको अर्थतन्त्र नै डामाडोल मात्र भएन विकास निर्माणको काम समेत ठप्प भएको थियो । स्मरणरहोस् नेपाललाई चाहिने इन्धन लगायत अन्य आवश्यकीय वस्तुहरू रक्सौल-वीरगञ्जबाट मात्र ७० प्रतिशतभन्दा बढी आउने गर्दछ ।

रक्सौल-वीरगञ्ज नाका नेपालको लागि लाइफ लाईन नै । त्यो नाकाबाट सहजरूपमा इन्धनलगायत अन्य समानहरू नआएसम्म नेपालमा कुनै पनि वस्तु सहजरूपमा उपलब्ध हुनसक्ने सम्भावना नै हुँदैन । मुलुकको लागि चाहिने इन्धन त्यही नाका हुँदै ७० प्रतिशतभन्दा बढी नेपालमा भित्रिने गरेका र रक्सौल-वीरगञ्ज नाका अन्य सबै नाकाभन्दा छोटो नाका भएकाले पनि उक्त नाका सहज हुनु अवाश्यक थियो । मधेसवादी दलहरूले उठाएका मागहरू मध्येको जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण हुनुपर्ने र राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व हुनुपर्ने माग संविधानको पछिल्लो संशोधनबाटै पुरा भएकोले मधेसवादी दलहरूले त्यसलाई उपलब्धि ठानी त्यसै दिनदेखि आन्दोलनका सम्पूर्ण कार्यक्रमहरू फिर्ता लिएर सरकार र राजनीतिक दलहरूसँग संवाद र छलफल गरेका भए स्वयं मधेसवादी दलहरूका नेताहरूको उचाई बढ्न सक्थ्यो, तर त्यसो भएन । संविधान जारी भएपश्चात र संविधान निर्माणकै क्रममा भारतले मधेसवादी दलका नेताहरू मार्फत तत्कालिन संविधानसभा र सरकारलाई आफ्ना कुरा राख्न दबाब दिएको थियो । तर तत्कालिन संविधानसभाले त्यस्तो दबाब अस्वीकार गर्दै नेपाली जनता र नेपालको लागि जनताका प्रतिनिधिहरूले संविधान बनाउने भएकाले कसैले त्यसमा टाउको दुखाउनु नपर्ने भन्दै केही नेताहरूले अभिव्यक्ति दिएका हुनाले उनीहरूको रिस भारतीय सरकारले नेपाली जनता माथि पोख्दै अघोषित रूपमा नाकाबन्दी लगाएको सत्य वास्तविकता हो । नेपाल भारतबीचको सम्बन्धलाई तोड्न भारतीय सरकार र त्यहाँका केही नेपाली विरोधी तत्वले मौकाको फाइदा उठाउन नेपालका केही मधेसवादी दलहरूलाई प्रयोग गरे, तर नेपाली जनताले संविधानले सबैपक्षलाई समेटेको र पहाड, हिमाल र तराई भनी कसैलाई पाखा नलगाएको र सबैलाई समान अधिकार दिएको भन्दै मधेसवादी दलहरूको आन्दोलनलाई काठमाडौं उपत्यकाबासीलगायत अन्यले साथ नदिएपछि मेधसवादी दलका नेताहरूले काठमाडौंलाई नाकाबन्दी लगाउने धम्की दिएर मधेसवादी दलका नेताहरूले आफ्नो राजनीतिक भविष्य मात्र अन्धकारमा धकेलेनन्, उनीहरू मधेसी जनताका त्यसमा पनि नगन्य रूपका मात्र नेता हुन पुगे । के त्यसले प्रमाणित गर्दैन, मधेसवादी दलका नेताहरूलाई मधेसकै जनताले किन पत्याउन सकेनन् ? मधेसवादी दलका धेरै नेताहरू पटक-पटक राज्यको उच्च पदमा पुगेका व्यक्ति भएपनि त्यसबेला उनीहरूले मधेसी जनताको हितमा के गरे ? संविधानसभाको दोस्रो निर्वाचनपछि मधेसवादी दलका नेताहरूले समानुपातिक कोटामा आफ्नी श्रीमती, भाइ, पार्टीका कार्यकर्ताभन्दा आफ्ना नातागोतालाई नै संसदमा पठाएका थुप्रै उदाहरणहरू रहेका छन् । के त्यसैले मधेसवादी दलका नेताहरूको चरित्र उदांगो हुँदैन र ?

स्व.सुशील कोइरालाको नेतृत्वमा रहेको सरकारले संविधान जारी गर्ने एकमात्र महत्वपूर्ण कार्य सम्पन्न गरेको थियो । कोइराला प्रधानमन्त्री रहेकै बेला भारतले अघोषित रूपमा नाकाबन्दी लगाएको थियो । भारतले लगाएको नाकाबन्दीले गर्दा नेपाल-भारतबीचको सम्बन्धलाई निकै पछाडि धकेल्ने प्रयास गरेपनि स्वाभिमानी नेपाली जनताले अघोषित नाकाबन्दीको डटेर मुकाविला गरे । आफूहरूले दुःखकष्ट सहेरै भएपनि केपी ओली नेतृत्वको सरकारलाई जनताले सहयोग र समर्थन गरेर नेपाली जनताले राष्ट्रवादी चरित्र देखाएका छन् । भारतले नेपालमाथि अहिलेमात्र नाकाबन्दी गरेको होइन, २०२७ साल र २०४५ सालमा पनि नाकाबन्दी गरेको थियो । यसरी पटक पटक नेपालमाथि नाकाबन्दी गरेर भारतले अन्तर्राष्ट्रिय सन्धी, समभ्कदारी उल्लंघन गरेको हुनाले अब नेपालले त्यस्तो कार्यको विरोध अन्तर्राष्ट्रिय जगतसामु पुऱ्याउने पर्छ । एउटा भूपरिवेष्ठित मुलुकले पाउनु पर्ने पारवाहन र व्यापर सुविधाको हक खोस्ने अधिकार कसैलाई छैन । भूपरिवेष्ठित मुलुकका अधिकार र हकहरू भियाना सम्मेलनले नै प्रष्ठ पारिसकेको अवस्थालाई पालना गर्नु सबै राष्ट्रको दायित्व र कर्तव्य समेत हो । आफूले भनेको भएन भनेर अर्को देशका जनतामाथि जबर्जस्ती गरेर नाकाबन्दी लगाउनुले कुनै देशको इज्जत बढ्दैन । नेपालमाथि लगाएको अघोषित नाकाबन्दीको नेपाली जनताले मात्र नभएर स्वयं भारतीय जनताले समेत विरोध गरेका छन् । नेपाल-भारतबीचको धार्मिक, साँस्कृतिक र वैवाहिक सम्बन्ध समेत रहिआएको छ । लाखौं भारतीय चेलीहरू नेपाली नागरिकसँग विवाहबन्धनमा बाँधिएका छन् भने नेपाली चेलीहरू पनि भारतीय नागरिकहरूसँग विवाह बन्धनमा बाँधिएका छन् । उनीहरू दुवैले वैवाहिक सम्बन्धका कारण आ-आफ्नो देशको नियम अनुसार अधिकार पाएका छन् । नयाँ संविधान जारी भएपश्चात मात्र भारतीय मूलका नेपाली नागरिकसँग विवाह बन्धनमा बाँधिएका विभिन्न जिल्लामा गरी झण्डै दुई हजार नेपाली बुहारीले अंगीकृत नाकगरिता पाएका छन् । त्यसैले प्रमाणित हुन्छ, हाम्रा मधेसवादी दलहरूले नेपाली बुहारीलाई नागरिकता पाएनन् भनेर झुठो प्रलाप । अहिले उनीहरूले कसरी नागरिकता पाए त ? त्यसको जवाफ मधेसवादी दलका नेताहरूले नेपाली जनतालाई किन दिनुपर्नने ? साना मसिना मुद्दाहरू उठाएर आफ्ना जनतालाई दुःख दिएर राजनीतिको मात्र ढ्वाङ फुक्ने नेताहरूले अब बुझ्न आवश्यक छ जनता सजग छन्, उनीहरू आफ्नो हक अधिकार लिन सक्छन् ।

पछिल्लो समयमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाभित्रै व्यापक विवाद सिर्जना भएको छ । सद्भावना पार्टीका राष्ट्रिय अध्यक्ष राजेन्द्र महतोले बिहारबाट फर्के लगत्तै वीरगञ्ज रक्सौल नाका मात्र बन्द गर्नुको कुनै औचित्य नभएको भन्दै बन्द हड्ताल फिर्ता लिनुपर्ने अभिव्यक्ति माघ २१ गते दिएपछि मोर्चाभित्रको विवाद सडकमा छताछुल्ल भएको थियो । महतोको भनाईमा बन्दहड्ताल र नाकाबन्दीले सत्ताधारी र काठमाडौंबासीलाई नछोएको र त्यसको पीडा मधेसी जनतालाई मात्र भएको भन्दै नाकाधर्ना, बन्दहड्ताल फिर्ता लिनुपर्ने उद्घोष गरेपछि तराई-मधेस लोकतान्त्रिक पार्टी, संघीय समाजवादी फोरम नेपाल र तराई मधेस समाजवादी पार्टीले राजेन्द्र महतोले मधेसलाई धोका दिएको भन्दै निशर्त उनले माफी माग्नु पर्ने अडान लिएपनि महतोले माफी नमागेपछि संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा विघटनको संघारमा पुगेको छ । त्यसैको परिणाम हो, तमलोपा, संघीय समाजवादी फोरम र तमसपाले मात्र हस्ताक्षर गरेर असोज ४ गतेदेखिजारी रहेको नाकाबन्दी औपचारिक रूपमा फिर्ता लिएको घाषणा गर्दै साउन ३१ गतेबाट जारी मधेस आन्दोलन सकिएको घोषणा गरेका छन् । तर मोर्चामा रहेको सद्भावना पार्टीले अहिलेसम्म केही प्रतिक्रिया जनाएको छैन । मधेसवादी दलहरूले गरेको आन्दोलन र नाकाबन्दी सकिएको घोषणा पश्चात रक्सौल-वीरगञ्ज नाकाबाट इन्धनलगायत अत्यावश्यकीय सामानहरू नेपाल प्रवेश गर्न थालिसकेका हुनाले नेपाली जनताले केही सहजको सास फेरेका छन् ।

छिमेकी मुलुक भारतले पटक-पटक नेपालमाथि घोषित र अघोषित नाकाबन्दी लगाउँदै आएको हुनाले अहिलेको अघोषित नाकाबन्दीबाट सरकार र राजनीतिक दलहरूले पाठ सिकेर एउटै नाकामा मात्र भर पर्नुको बदला उत्तरी छिमेकी मुलुक चीनसँग पनि नाका खोलन पहल गर्नु अवाश्यक छ । एउटै देशको मात्र भरपर्दा नेपाल र नेपाली जनताले अनावश्यक रूपमा दुःखकष्ट पाएका हुनाले ओली नेतृत्वको सरकारले अब चीनसँगका नाकाहरूलाई तत्काल सञ्चालनमा ल्याउने वातावरण मिलाउन सक्नुपर्छ । भारतले अघोषित नाकाबन्दी अघोषितरूपमै हटायो, इन्धनलगायत आत्यावश्यकीय समानहरू आपूर्ति हुन थाल्यो भनेर सरकार चुप बस्नु हुँदैन । वैकल्पिक उपायहरू अपनाउँदै एउटै देशको भरपर्ने प्रवृत्तिलाई अन्त्य गरिनुपर्छ । प्रधानमन्त्री केपी ओलीले मधेसवादी तीन दलले आमहड्ताल र नाकाबन्दी समाप्त पार्ने औपचिारक घोषणा गरेको एक घण्टा नबित्दै त्यसलाई स्वागत गरे । मोर्चाले गरेको औपचारिक निर्णयलाई स्वागतयोग्य भन्दै बाँकी रहेका मधेसावादी दलहरूका माग वार्ता र संवादबाटै टुंगो लगाउने प्रतिबद्धता जनाएका हुनाले अब सरकार र राजनीतिक दलहरूले मधेसवादी दलका जायज मागहरूका बारेमा संवाद गरी निर्णयमा पुऱ्याउनु आवश्यक छ । मधेसी मोर्चाले पनि आफ्नो गोरूको बाह्रै टक्का नभनी नेपाल र नेपाली जनताको हितमा सोच्नु आवश्यक छ । मधेसावादी दलका नेताहरू मधेसका मात्र नभएर नेपालका नेता हुने प्रयास गरेको खण्डमा समस्याको समाधान हुने निश्चित छ दुवैपक्षले हठ त्यागेर लचकता अपनाएको खण्डमा समस्याको समाधान हुने निश्चत जस्तै देखिएको छ ।

devendrachudal@gmail.com

# नेताहरूले मर्नुपर्छ भन्ने हेक्का राखुन्



राजन कार्की

गिरिजाप्रसाद कोइरालासँग के थिएन र औषधि बहिष्कार गरेर मर्नुपर्‍यो । मुख्य पार्टीको सभापतिको क्यान्सरको उपचार अमेरिकामा सम्भव भयो तर रूघाखोकी बिग्रेर निमोनिया हुन्जेलसम्म पनि घर अगाडिको टिचिङ अस्पताल भाग्यमा रहेनछ । सुशील कोइरालाको प्रभाव कतै कम थिएन, तर ओछ्यानमै प्राण त्याग गर्नुपर्‍यो । सबै नियतिको खेल हो, सती र जनताको सरापको प्रतिफल हो ।

समय र कालचक्रलाई कसले जित्यो र जित्न सक्छ । एकदिन सबैले जाने घाट नै हो, हुने खरानी र माटो नै हो । सबै पनि नेताहरूले बुझेनन्, लानु केही छैन भने किन देश र जनताको सेवा नगर्ने? यस्तो राजनीतिक चेत पटक्कै पलाउन सकेन । किन ? लाग्छ, देश सतीको सरापबाट मुक्त भएको छैन ।

नेपालको इतिहासमा मल्लकालीन समय थियो । मल्ल राजा लक्ष्मीनरसिंह मल्ल र उनका काजी भीम मल्लबीचको एकता देखेर दरबारिया षडयन्त्र सुरु भयो । भीम मल्ल भोट गएका मौकामा छुल्याह सत्ताका खेलाडीहरूले भीम मल्ल आफै राजा हुनखोजेको छ भनेर राजाको कान भरिदिए । भीम मल्ल फर्किएपछि राजा लक्ष्मीनरसिंह मल्लले भीम मल्ललाई मार्न लगाए । सतीको रोइन र छाती पिटेर सराप दिइन्– यो देशमा राम्रो गर्नेको भलो नहोस्, यो राज्यमा विवेक नरहोस् । यो सराप परेको नेपाली राजनीतिकै कारण प्राकृतिक सुन्दरताले भरिपूर्ण भएर पनि देश खोक्रो छ, नेताहरू विवेकहीन भएर देश र जनतामाथि राज गरिरहेका छन् ।

कालचक्र र समयचक्र रोक्ने मान्छेको बुताको कुरा होइन । प्रकृतिलाई मान्छेले जित्नसक्छ र ?जनताको मान सम्मान, तिनको दुःखदर्द त राजनीतिले कहिल्यै हेरेन, बुझेन । राजनीतिक करिडोरमै रहेकाहरू पनि विवेकहीनताको सिकार बनेका छन् । सन्त कृष्णप्रसाद भट्टराईको गीतापाठ कसैले बुझेन, उनको समेत दुरूपयोग गर्नेहरू देखिए । गिरिजाप्रसादलाई एसियाको बाघ भनियो तर बाघले पनि कालचक्रमा पर्नैपर्‍यो । उनको ख्यातिभन्दा निन्दायोग्य कर्म बढी देखिए । सुशील उदाए, अस्ताए पनि । प्रचण्ड, ओली अथवा कुनै पनि नेताको नियति काल र समयचक्रको घट्टमा पिधिनु नै हो । मान्छे जन्मेपछि मर्नैपर्छ । मरिन्छ भन्ने भेउ नराख्दा मान्छे अमानवीय हुन्छ । नेपालको राजनीतिक नेतृत्व बर्ग बढी अमानवीय हुँदै गएको छ । संवेदनहीन बनेको छ । सुशील कोइरालाको मलामी गएका नेताहरूले सुशीलको शरीरमा लगाएको आगो देखे, आगो नै सत्य रहेछ भन्ने बुझेनन् ।

नेपालको राजनीतिमा घटनाक्रमहरू तीब्र रूपमा बढ्न थालेका छन् । गाउँघरतिर स्याल वा कुकुर रोयो भने अपसकुन हुन्छ भन्ने चलन छ । पूर्वीयदर्शन मान्ने हिन्दू परम्पराअनुसार दोलखा भीमसेनलाई पसिना आयो अथवा गणेश भगवान पसिनाले लथपथ भए अथवा इन्द्रजात्रा वा मच्छेन्द्रनाथको रथ भाँचियो भने पनि देशमा विपत आउँछ भन्ने प्रचलन छ । रातको समयमा आकाश राताम्मे हुनु अथवा चन्द्रमा वरिपरि तारा झलमलाउनुलाई सभा बस्यो, अब केही हुन्छ भनेर बुढापाकाहरू मुटु ढुक्क पार्ने चलन अहिले पनि छ । बिहानै घर वरिपरि कौवा आएर करायो भने पनि पानी छम्केर शुभ बोल, शुभ समाचार लेराउ भन्ने चलन अध्यापि चलेकै छ ।

के भएको हो, जंगलका चितुवा सहर पस्न थाले । स्वयम्भू, पशुपतिका बाँदर गाउँ चहार्न थाले । भूकम्प के गयो, जनता विपतमा परे । विपतमा परेका जनतालाई राजनीतिले राहत दिएन, हातेमालो गरेन । मर्दा पर्दा दिनुपर्ने सहायता दिएन । विश्वभरिबाट ओइरिएको राहतमा समेत भ्रष्टाचार भयो । भारतले नाकाबन्दी गरेर दुःख दियो, नाकाबन्दीको हाहाकारमा पनि राजनीतिले जनताको पक्षमा काम गरेन । कालोबजार बढायो, अर्थतन्त्र र जनजीवनलाई कालाम्म पारिदियो । मरे, भूकम्पबाट जनता मरे । नाकाबन्दीबाट जनता मरे । चिसो ठण्डीले जनता मरे । जनता मरेकोमा राजनीति संवेदनशील बन्न सकेन । सुशासनमा होइन, राजनीति कूशासनमा रमायो । चित्त दुखेका, मन रोएका, बाँच्न कठिन भएकाहरूले लोकतान्त्रिक नेताहरूलाई सरापेकै हुन् । सरापेको सुनिएकै छ ।

मृत्यु अवश्यम्भावी छ, मान्छेको जीवन अमर छैन । वर्तमान कालखण्डमा अधिकांश जनता सतीको नियति भोगिरहेका छन् । सबभन्दा पछिल्लो घटना एम्बुलेन्सले डिजल नपाएर बालिकाको मृत्यु एम्बुलेन्समै भयो । यो दाङको खबर हो । र, मुख्य पार्टी नेपाली कांग्रेसका सभापति सुशील कोइरालालाई घर अगाडिको अस्पताल लगिएन । भनियो, एम्बुलेन्स आउन ढिला भयो । जबकि सुरक्षाकर्मी र उनी चढ्ने मोटर आँगनमै थिए । सुशील कोइरालाले ओढेको सिरकमा रगतका टाटा समेत देखिए । सती र जनताको सराप नपरेको भए, यतिबिघ्न विवेकहीन घटनाक्रम घट्ने थिएनन् ।



आधारातमा कांग्रेस सभापति सुशील कोइरालाको निधनको खबर फैलियो । डाक्टरहरूलेसमेत सुशीलको शान्त भनिएको मरणलाई प्राकृतिक भनेर पचाउन सकेनन् । सुशील कोइरालाको मृत शरीर देखेर नेता नरहरि आचार्यको ब्रेन हैमरेज भयो । यही समयमा टेकु अस्पतालले भन्यो– एमाओवादी उपाध्यक्ष नारायणकाजी श्रेष्ठलाई स्वाइनफ्लू लाग्यो ।देशमा भारतबाट पहिले बर्डफ्लू भित्रियो, स्वाइनफ्लू उतैबाट आएको हो । यी दुबै फ्लू निमिट्यान्न भो भन्थ्यो सरकारले, कोल्ड फ्लूले सुशील कोइरालालाई खायो, बर्डफ्लूबारे आशंका बाँकी छ, स्वाइनफ्लूले तनहुँका गरीबलाई निलेको केही हप्तामै माओवादी नेताको मुटु कलेजो, फोक्सो समात्न पुगेको छ । डाक्टर भन्छन्– बेलैमा उपचार सुरुभएको छ, सन्चो हुन्छ । सन्चो होस् । मुख्य कुरो नेताहरूको विवेकमा बिर्को नलागोस् । विवेकी हुनु आजको आवश्यकता हो ।

बैशाख १२ गते भूकम्प फ्लू बनेर थरथरायो नेपालमा । बैशाख १२ पछि ४ सय ३० भन्दा बढी पराकम्पन गइसक्यो, अझै भूकम्प फ्लू रोकिएको छैन । अब त गाउँसहरमात्र होइन, मधेसतिर पनि घुम्न थाल्यो पराकम्पन । पुषमाघको चिसोले भूकम्पपीडितलाई मर्नु न बाँच्नु पारिरहेको छ । तपतप चुहिने शीतमा रूझेर पनि बाँचिरहेका पीडितहरू रून्चे स्वरमा भन्छन्– भूकम्पबाट त बाँचियो, चिसोले लान्छ कि के हो ? लग्यो, धेरै बालबालिका, बुढाबुढीलाई कोल्डफ्लूले लगिसक्यो । कोल्ड फ्लू, भूकम्प फ्लूले आमनागरिकलाई मात्र लग्यो, अब फ्लू नेतातिर सरेजस्तो छ । नेताजीहरू, होस् गर । इमान बेच्न छाड, नैतिकतामा अड । नत्र जनताको सरापले धराप पार्ला है ।

बढी प्रचारित र सतहमा आएको खबर हो, क्यान्सर जितेका सुशील कोइरालालाई निमोनियाले लग्यो । निमोनिया भनेको कोल्डफ्लू हो । जसले फोक्सोलाई चिथोर्छ, कोपर्छ, दम बढाउँछ र घात गर्छ । शंका गर्नेहरू मेजर पार्टीको सभापति बिरामी परेको खबर कसैलाई भएन, कसैले उनलाई अस्पताल लगेन, सुशील मरेको होइन, उनलाई मारिएको हो । के हो ? कांग्रेस पार्टीले अनुसन्धान गर्ला, कार्यकर्ताहरूलाई सुसूचित पनि पार्ला । तर, बर्डफ्लू, स्वाइनफ्लू, भूकम्प फ्लू, कोल्डफ्लूले दशौं हजार मानिस मारिए, त्यसको अनुसन्धान कसले गर्ने ?दरबार हत्याकाण्ड त पचाउने राजनीतिले माटो भइसकेका सुशील अथवा माटोजसरी खुदिएका जनता ? हिन्दीमा भनिन्छ– कौन पुछे खेसरीका दाल ।

यतिखेर देशभित्र सत्ता, प्रशासन र पहुँचवालाको स्वार्थ शिर चढेर बहुलानाच देखाइरहेको छ । पीडितहरूलाई राहत दिने नाममा, पुनर्निर्माणको आवरणमा र विकास बजेटमा भ्रष्टाचारको फ्लू बढेको बढ्यै छ । हुंदा हुंदा १५ हजारपछि बितरित १० हजारमा पहुँचवालाकै दबदबा रह्यो र अब बितरण हुने ३ लाख, कर्जा सुविधाको लागि नक्कली भूकम्पपीडित ३ लाखको संख्यामा बढेछन् । यसमा भ्रष्टाचारी सरकार, कर्मचारीतन्त्र र पार्टीकरणको कसले अनुसन्धान गर्ने ? नेताहरूलाई एकदिन मर्नुपर्छ, नाङ्गै जन्मेका सबैले एकदिन रित्तो हात जानुपर्छ भन्ने कसैको मनमा हरि छैन । हरि नभएपछि केको हरिनाम ? विवेक नभएपछि केको सेवाभाव । राजनीतिको अर्थ सत्ताको मह काढ्ने हो, मह चाट्ने हो । यही लोभ र स्वार्थले राजनीति अपवित्र, अपराध बन्दै गएको छ । अध्यात्मिक चेत भएकाहरू चारधाम, तीर्थब्रत गर्छन् । राजनीतिको बैतर्णी देश र जनता हो भन्ने यिनले बुझुन् । सती र जनताको सरापबाट मुक्त होउन्, देशलाई मुक्त पारून् । नेताहरूले राजनीतिलाई व्यापारबाट मुक्त राख्न सके सतीको सरापबाट देशले मुक्ति पाउने थियो ।

# रोजगारीको वैकल्पिक माध्यम बन्दै सिटी सफारी

झापा । बाह्र वर्षअघि श्रीमान्को निधन भएपछि परिवारको हेरचाह गर्ने जिम्मा मीना कडरियाको हातमा आयो । गरामनी–९ निवासी ३५ वर्षीया कडरियाले सोच्नु पनि भएको थिएन कि श्रीमान्को अनुपस्थितिमा यति ठूलो कष्ट व्यहोर्नु पर्छ भनेर ।

दुई सन्तानकी आमा कडरियाले श्रीमान्को निधनपछि धेरै दिन त टोलाएरै बिताउनुभयो । आर्थिक अवस्था कमजोर, त्यसमा पनि श्रीमान्को निधन, बालबच्चा सानै, घरको सारा काम उहाँले नै भ्याउनुपर्ने बाध्यता । दिनदिनै आर्थिक भारले च्याप्दै गएपछि कडरिया नाबालक छोराछोरी छाडेर मजदुरी गर्न थाल्नुभयो । दिनभरि इँटा, बालुवा, ढुङ्गा बोक्दा, सिमेन्ट र बालुवा घोल्दा मुस्किलले रू १५० कमाई हुन्थ्यो उहाँको ।

"छोराछोरी हुर्काउन गरेको दुःख सम्झँदा अहिले पनि मन भक्कानिएर आउँछ" उहाँले भन्नुभयो । जति दुःख गरे पनि नपुगेपछि उहाँले विदेश जाने निर्णय गर्नुभयो । तर कुवेत गएको २१ महिना नबित्दै कडरियाले घर फर्किनु पर्‍यो । "मासिक रू २५ हजार मात्र बचत हुन्थ्यो, कमाई नभएपछि खाली हात नेपाल फर्किएँ" उहाँले भन्नुभयो ।

घर फर्किए पछि कडरियाले कर्णाली बचत तथा ऋण सहकारी संस्थामार्फत रू दुई लाख ऋण लिएर एक वर्षअघि सिटी रिक्सा किन्नुभयो ।

एक वर्षयता उहाँको दैनिकी फेरिएको छ । "अहिले दैनिक रू एक हजार बचत हुन्छ" उहाँले भन्नुभयो । कडरिया जस्तै अनारमनी–६ निवासी लक्ष्मी कार्कीले पनि सिटी सफारी कुदाएरै आफ्नो दैनिकी फेर्नुभएको छ । उहाँले एक वर्षअघि रू दुई लाख २० हजारमा किनेको सिटी रिक्साको सहायताले दैनिक रू एक हजार ५०० कमाई गर्न थालेपछि दुईजना छोरीलाई बोर्डिङ स्कूलमा पढाउन थाल्नुभएको छ । "आर्थिक विपन्नताका कारण रिक्सा पनि ऋणमा झिक्नु परेको थियो", कार्कीले भन्नुभयो– "त्यही रिक्साले अहिले ऋण तिरे, परिवार पनि राम्रै गरी चलाउन सकेकी छु ।"

कडरिया र कार्की त समाजका लागि उदाहरण मात्रै हुन् । विद्युतीय रिक्सा (सिटी सफारी) जिल्लामा भित्रिएपछि अहिले धेरैको दैनिकी यसरी नै फेरिएको छ । विद्युतीय रिक्साका कारण वातावरणीय प्रदूषणमा न्यूनीकरण हुनुका साथै धेरैलाई स्वावलम्बीसमेत बनाएको साइनो सिटी सफारी ट्रेडर्सका सञ्चालक सावित्री पण्डित बताउनुहुन्छ ।

"हेटौडाबाट सिटी सफारी ल्याएर झापामा कुदाउँदा धेरैले नराम्रो दृष्टिकोणले हेरे, कतिपयले गिज्याए पनि । तर अहिले यही रिक्साले धेरैलाई रोजगारी दिएको छ" उहाँले भन्नुभयो । उहाँले श्रीमान् कृष्णबहादुर पण्डितलाई अघि सार्दै बिर्तामोडमा सिटी सफारी बिक्रीका लागि 'साइनो सिटी सफारी ट्रेडर्स सञ्चालनमा ल्याउनुभएको छ ।

तीन सयको हाराहारीमा सिटी रिक्सा बिक्री भइसकेका छन् । सिटी सफारीले नै अहिले उहाँलाई मालिक बनाएको छ । विद्युतीय रिक्सा भित्रिएपछि अहिले जिल्लामा धेरैले रोजगारी पाएको सिटी रिक्सा चालक सङ्घका अध्यक्ष धनसिंह राजवंशी बताउनुहुन्छ ।

यातायात व्यवस्था कार्यालय मेचीका अनुसार झापामा अहिलेसम्म १२ सय सिटी सफारी दर्ता भइसकेका छन् । नगरपालिकासँगको समन्वयमा यातायात व्यवस्था कार्यालयले सिटी सफारी दर्ता गर्दै आएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख रोशन आचार्यले बताउनुभयो । "सर्वसाधारणलाई सिटी रिक्साका कारण यात्रामा सहजता प्रदान गरेको छ" उहाँले भन्नुभयो ।

वातावरणीय दृष्टिकोणले सिटी सफारी धेरै उपयोगी भएको मेची बहुमुखी क्याम्पस भद्रपुरका पूर्वक्याम्पस प्रमुख चिन्तामणि दाहाल बताउनुहुन्छ । सिटी सफारीले पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनजस्तो ध्वनि प्रदूषण नगर्ने भएकाले पनि यो रिक्सा ज्यादै प्रभावकारी छ । सिटी सफारीमा छ जनासम्म यात्रुलाई चढाउन मिल्छ ।

सिटी सफारी चालकलाई चालक अनुमतिपत्रको व्यवस्था नहुनु र बिमाको व्यवस्था नहुँदा भविष्यमा हुन सक्ने सवारी दुर्घटनाको जोखिम देखिए पनि सिटी सफारी जिल्लाका धेरैका लागि रोजगारीको वैकल्पिक माध्यम बनेको छ ।

# MESSAGE BY THE PRESIDENT OF PAKISTAN ON KASHMIR SOLIDARITY DAY (5th FEBRUARY, 2016)



On the occasion of Kashmir Solidarity Day, the Government and the people of Pakistan solemnly reaffirm their unflinching and continued moral, diplomatic and political support to the heroic struggle of the people of Indian Occupied Jammu and Kashmir

We, alongwith the free people across the globe, salute the brave, valiant and courageous men, women and youth of Indian Occupied Jammu and Kashmir who laid their lives for the sacred cause of freedom in the last 68 years. We pay homage to thousands of Kashmiri martyrs. Despite the worst and gross atrocities by the Indian security forces, people of Jammu and Kashmir refused to accept the Indian yoke and demonstrated that the issue of Jammu and Kashmir cannot be wished away.

The Jammu and Kashmir dispute remains the unfinished agenda of the Partition and is also one of the longest unfulfilled agenda of the United Nations. Numerous resolutions of UN Security Council on Kashmir remain pending because of Indian obstinacy in implementing them. We urge India and the international community to fulfill the promise it made with the people of Jammu and Kashmir 68 years ago.

The Kashmir dispute remains close to the heart of every Pakistani. We give the people of Indian Occupied Jammu and Kashmir our solemn pledge that they can count on us in their hour of anguish. We will always stand by our Kashmiri brothers and sisters until the realization of their cherished dream of freedom. The Kashmir struggle will continue till the freedom of the oppressed people of Indian Occupied Jammu and Kashmir is achieved.

# Message By the Prime Minister of Pakistan on Kashmir Solidarity Day (5th February 2016)



On the occasion of Kashmir Solidarity Day, the Government and the people of Pakistan reiterate their continued and steadfast political, moral and diplomatic support to the people of Indian Occupied Jammu and Kashmir in their heroic struggle for their inalienable right to self-determination. The people of Jammu and Kashmir were promised this right 68 years ago by the international community but India has continued to deny them their inalienable right by refusing to implement UN Security Council resolutions on Kashmir.

The valiant people of Indian Occupied Jammu and Kashmir have rendered unmatched sacrifices in their just struggle. However, all the Indian brutalities and atrocities have failed to deter the people of IOK from their cause for freedom from Indian oppression. The people of Pakistan and freedom-loving people across the world salute them for their courage, bravery and persistence in facing the worst kind of human rights abuses, violence and suppression by the Indian security forces.

Pakistan is committed to a just and peaceful resolution of the Jammu and Kashmir dispute based on UN resolutions. Pakistan reminds the international community of its responsibilities in the matter and urges it to fulfill its promise made with the people of Jammu and Kashmir 68 years ago. Peace in the region will remain elusive until the resolution of the Kashmir dispute in accordance with the will of the people of Jammu and Kashmir.

# Resolution of Regional Disputes for Greater Peace and Prosperity in South Asia

Distinguished guests,

Ladies and Gentlemen,

As-salam-o-alakum, Namaste and Good Morning

It is my privilege and honour to address this exclusive gathering of Nepalese intellectuals, thinkers and media representatives.

In my discourse today, I shall be sharing my views on the subject of *Resolution of Regional Disputes for Greater Peace and Prosperity in South Asia*.

South Asia is one of world's most important regions. It is home to one fifth of the world's population. Besides, South Asia is also cradle of major world civilizations, rich in history, culture and natural as well as human endowment. However, today the region is marred by widespread poverty, inequality, unemployment, environmental degradation, and many other challenges.

Ladies and Gentlemen,

For Pakistan, our vision is of a strong, democratic, progressive state that provides peace, prosperity and security to its people. The Prime Minister of Pakistan's vision of a peaceful neighborhood, in our view, is a prerequisite for stability and sustainable development of the region.

Pakistan enjoys a pivotal geo – strategic location. Located at the cross– roads of three vital regions– South Asia, Central Asia and West Asia, Pakistan can be a bridgehead for multi-sectoral cooperation between these regions. Pakistan's geographical location, straddling these important regions makes it a natural choice for a regional economic hub. It remains only a matter of time. Pakistan is already building trade, energy and communication corridors within the country as well as linking the regions; West Asia, Central Asia and China.

Our region possesses enormous resilience and capacity to transform its challenges into opportunities. We are convinced that South Asia has the potential to become a region of economic and social prosperity. However, this can only be possible if we are able to resolve the disputes that afflict our region. Prudence demands that for the sake of our future generations we move towards durable peace and prosperity which requires the resolution of regional disputes.

The biggest dispute that has impeded development in our region is Jammu and Kashmir. Its effects and repercussions are felt in the entire region, as well as the world at large. It is essentially an issue of the inalienable right to self-determination with a strong human rights dimension.

Kashmiris were promised their right of self determination by the international community through several UN Resolutions beginning in 1948. Today, nearly seven decades down the line, these commitments remain unfulfilled. This is an obvious question mark and a burden on world consciousness. Durable peace would continue to elude South Asia till the people of Jammu and Kashmir get their right of self determination. All these decades, which were marked by oppression and human rights violations against the people of Jammu and Kashmir, the people of Jammu and Kashmir have remained steadfast in their struggle for their right of self determination.

Distinguished Guests,

5th February, the Kashmir Solidarity Day, is commemorated as a day when Pakistani populace, across the world, renews its pledge to support the peaceful struggle of freedom of their Kashmiri brethren. This day renews the pledge for those millions of Kashmiris who have been engaged in the struggle to win their right to self determination. The day, observed since 1991, highlights their right to choose their fate themselves, as guaranteed by UN resolutions. This right must be given to them.

The human rights dimension of Jammu and Kashmir dispute is both important and painful. Since 1989, 0ver 94,000 people have been killed, more than 10,000 women raped and well over one hundred thousand houses destroyed.

These tragic human rights violations have not gone unnoticed by the international community. UN High Commissioner Ms. Navi Pillay during her press conference on 18 October 2012 in Geneva, referred to the Human Right situation. Ms. Pillay said,

"The discovery of 1,730 bodies in unmarked mass graves was confirmed in a 2011 report by the Jammu and Kashmir State Human Rights Commission which stated that 574 of the bodies had been identified as disappeared local people. The Commission said it believed there is "every probability" that the mass graves may also "contain the dead bodies of (persons subject to) enforced disappearances". The report called for immediate DNA sampling and other forensic tests to see whether or not any of the bodies matched the next of kin of people who have disappeared, but I understand the State government has recently said it will not proceed with the forensic identification of the unidentified bodies. I urge the Indian authorities to fully investigate past killings and disappearances and bring the perpetrators to justice, as well as to ensure protection of witnesses and families of the missing and provide them with redress.".

European Union in its July 10, 2008 Resolution on unnamed graves in IOK, has mentioned discovering of hundreds of unnamed graves in IOK. It has also termed IOK as the most beautiful prison of the world.

Now I would recount a few historical facts:

5th February also makes us recall the basic facts that revolve round the UN Security Council resolutions on the dispute. Some of the important facts of the matter are:

· The issue of Kashmir was taken to the UN Security Council by India.

· The UN Security Council rejected India's claim that Kashmir is legally Indian territory.

· The UN resolutions established self – determination as the governing principal for the settlement of the Kashmir dispute. This is the world body's commitment to the people of Kashmir.

· The resolutions endorsed a binding agreement between India and Pakistan, reached through the mediation of UN Commission for India and Pakistan, that a plebiscite would be held, under agreed and specified conditions.

· The people of Kashmir still await the implementation of the resolution.

Ladies & Gentlemen,

5th of February, also translates into an act of promise in which the people of Pakistan vow to uphold the right of the people of Jammu and Kashmir to self determination.

Here, I would like to remind you that Indian leadership on several occasions made public commitments to the Kashmiris right of self-determination. The list is long, I will quote only a few of them.

·Mr. Ghandi, during a speech, at a Prayer Meeting on 26 October 1947 had said, "If the people of Kashmir are in favour of opting for Pakistan, no power on earth can stop them from doing so. They should be left free to decide for themselves".

Also allow me to quote a few statements made by the Indian Prime Minister Jawahar Lal Nehru in the Indian Parliament. He said and I quote:

"We have taken the issue to the United Nations and given our word of honour for a peaceful solution. As a great nation, we cannot go back on it. We have left the question for final solution to the people of Kashmir and we are determined to abide by their decision" (2 January 1952).

"If, after a proper plebiscite, the people of Kashmir said, 'We do not want to be with India', we are committed to accept that, we will accept it though it might pain us. We will not send any army against them. We will accept that, however, hurt we might feel about it, we will change the Constitution, if necessary" (26 June 1952).

The above quoted statements of Mr. Nehru were made in the Indian parliament and for the media.

Distinguished Guests,

Today the Kashmiris in Indian occupied Kashmir are unfurling Pakistani flags in their rallies and on the occasions of Indian independence days. These acts of Kashmiris carry some very strong messages for the world community.

Pakistan has continuously endeavored to settle this unfinished agenda of partition. However, Indian Security Forces continue to unleash reign of terror through extra judicial killings, enforced disappearances, rapes and humiliation of innocent Kashmiris irrespective of age and gender.

Ladies and Gentlemen,

Pakistan would continue to vigorously pursue a peaceful solution, based on the wishes and aspirations of the Kashmiri people. We have no doubt that ultimately, Kashmiris would be the final arbiters of their destiny and no plan would succeed that does not reflect this reality.

5th February is also a reminder to the international stake holders that they should employ reason and solve this dispute which has massive human proportions. The supreme sacrifices of the Kashmiri's must not go unheard and waste.

The way to everlasting peace in the region, Ladies and Gentlemen, lies in the resolution of Kashmir issue, as per aspirations of the Kashmiris. This would no doubt bring about regional peace and greater prosperity in South Asia.

# कोशी पीडित र सरकारी बेवास्ता

उपेन्द्र झा

कोशीको पूर्वी तटबन्ध कोशी बैरेजलाई नछुँदै उत्तरतर्फको अन्दाजी १५ किलोमीटर (सुन्सरी जिल्लाको भाग) तथा पश्चिमी तटबन्धको उत्तरतर्फ उदयपुर जिल्लाको तपेश्वरी गाविसलाई छुँदै दक्षिण सप्तरी जिल्लाको पथरीसम्म गाउँसम्म अन्दाजी १५ किलोमीटर कोशीको पेटमा कोशी टप्पु बन्यजन्तु आरक्षको नामले राष्ट्रिय निकुञ्ज बनेको ४० वर्ष (२०३२ सालमा) भई सकेको छ । कोशी टप्पु वन्यजन्तु आरक्षको मुख्यालय कुशहामा (सुन्सरी) पर्दछ भने चेकपोष्टहरु निकुञ्जको चारैतिर ठाउँ ठाउँमा राखिएको छ ।

कोशी टप्पु वन्यजन्तु आरक्षको कार्यालय सुन्सरीको कुशहामा रहेकोले पूर्वी तटबन्धमा सुरक्षाकासाथ आरक्षको पूर्ण विकास भएको छ भने पश्चिमी तटबन्धको क्षेत्रमा पूर्ण अराजकको स्थिति देख्दा आरक्षको उपस्थिति नै छैन भन्न सकिन्छ । पश्चिमी तटबन्धका स्थानिय जनता र आरक्ष एक अर्काद्वारा पीडित रहेको देखिएको छ । आरक्ष क्षेत्रबाट सरकारले हाम्रो स्वामित्वको अन्त गर्न सकेको छैन भनेर स्थानिय जनताको गुनासो छ भने पश्चिमी तटबन्धमा स्थानिय जनताको गाईवस्तुको छाडा चरिचरणको प्रकोपले गर्दा पश्चिमी तटबन्ध भित्रको अपेक्षित विकास हुन नसकेको आरक्षले पीडा पोख्ने गरेको छ । कोशी कटानमा परेर लाखौं बीघा जग्गाको मुआवजा नपाएर लादिएको आरक्षभित्र जग्गा आवाद गर्न नदिएपनि गाईवस्तु चराउन दिनु पर्छ भन्ने अधिकारको प्रयोग तथा कोशी कटानभित्र आरक्षको क्षेत्राधिकार रहेकोले यसभित्र अनधिकृत रुपमा प्रवेश गर्न पाईन्न भन्ने आरक्षको कानूनबीच पश्चिमी तटबन्धको क्षेत्रमा भिडन्त भई रहने उदाहरण पनि छ ।

सेनाको कुशल नेतृत्वबाट संचालित कोशी टप्पु वन्यजन्तु आरक्षले पूर्वी तटबन्धमा कुशल सुरक्षा व्यवस्थाका कारण स्थानिय जनताको प्रत्यक्ष हस्तक्षेप हटाएर जँगल लगाउने, वन्यजन्तुको निगरानी आदि प्रशंसनीय कार्यहरुका कारण आरक्षभित्रका वन्यजन्तुहरुमा राम्रो विकास देखिएको छ । वन्यजन्तु तथा चराचुरुँगीको विकासले यसले अन्तर्राष्ट्रिय निकुञ्जका अन्वेषकहरुलाई आकर्षित गर्न सफल देखिएको छ भने अरु देशका वन्यजन्तु जस्तै हात्ती, चराचुरुँगीलाई आउने बाटो खोलेको छ । साईबेरिया जस्ता देशबाट विभिन्न दुर्लभ चराहरु आरक्षभित्र आएर बस्छन र केही समय बिताएर फर्कन्छन् । यसरी दुर्लभ मानिएका धेरै चराहरु आरक्षको शोभा बढाएको छ । तर पश्चिमी तटबन्ध अराजक, उजाड, तनावपूर्ण रहेकोले असल व्यवस्थापनको पखाईमा रहेको देखिन्छ । कोशीको मूल वहाव पूर्वी तटतिर रहेकोले सुरक्षा शक्ति पूर्वतिरको निगरानीमा केन्द्रीत रहेको छ ।

पश्चिमी तटबन्धभित्र कोशी कटानमा परेको लाखौं बीघा जग्गा २०१८ सालमा काटिएको हो । पचासौं गाँव कोशी नदीको पेटमा विलीन भएको यो पंक्तिकार नै साक्षी छ । ९० प्रतिशत कटानमा परेको १० प्रतिशत अवशेषको रुपमा बचेको कमलपुर गाँव मेरो जन्म थलो हो । २०२६ सालमा देशभरिका जग्गाको सरपट नापीभन्दा पूर्व जनताको जग्गा जमींन्दार, पटवारीको रेखदेखमा रहन्थ्यो । जग्गाको किन बेचको सम्पूर्ण अधिकार जमीन्दारमा निहित रहन्थ्यो । हुने खानेले आफनो श्रीसम्पत्तिको निस्सा राख्थ्यो भने सर्वसाधारणको मालिक स्थानिय स्तरमा रहेको जमीन्दार पटवारी नै हुन्थ्यो । २०२१ सालमा जमींन्दारी प्रथाको अन्त भएपनि जनताको सम्पत्ति रेकर्ड सत्य साँचो रुपमा सरकारलाई हस्तान्तरण नभएर जमीन्दार पटवारीको हाली मुहाली कायम नै रह्यो । ०१८ सालमा कोशी कटानमा परेका सर्वसाधारण आश्रयको खोजिमा आफन्तको शरणमा गएपछि थातथलोबाट विस्थापित नै हुन पुगे । कतिपयको वंश नै नाश भयो । पहुँच नभएका र विस्थापित हुन पुगेकाहरुले भाग्यको दोष भनेर मुआवजा विषयको कुराबाट उदासीन भए, अथवा धेरै वर्षको दौडधूप र जमीन्दारहरुको बदनियतीका कारण पनि धेरै जसोले निस्साको अभावमा यो व्यर्थ प्रयासलाई छोडेर आफनो दैनिकीतिर लागे । हुने खाने र दौडधूप गर्न सक्नेले पाँच दशकको पर्खाईमा कतिले त आफनो जीवन लीला नै समाप्त पार्‍यो भने धेरै कम बाँचेका पनि छन् ।

२०२६ सालको सर्वेले जनताको अचल सम्पत्तिलाई पक्का निस्साँका साथ व्यवस्थित गर्‍यो । ०१८ सालको मूल कटानदेखि कोशीले पश्चिमी भागलाई नै केन्द्रविन्दु बनाएर सालाना काट्दै आयो । २०२६ साल पछिका दिनमा पनि लालपूर्जा भएका कतिपय जग्गाहरु कोशी उदरस्थ भए । निस्सा नभएकाहरुको दावा त कायमै थियो, निस्साँवालहरुपनि मुआवजा पाउने दावाको पंक्तिमा लाम लागे । जनताको सर्वस्व हरण गर्ने कोशीमा उकासमा परेका जग्गालाई जोतखन गरि जीविका चलाउने जनसाधारणको पनि कमी थिएन । अहिले निकुञ्ज बाहिर उत्तरपट्टि तपेश्वरी गाविस पर्ने कोशीको पेटमा हजारौं बीघा जग्गा जोतखन गरि मानिस कमाई रहेका छन् । त्यस्तै पश्चिमी क्षेत्रका हजारौं जनता कोशीको उकासमा परेका जग्गामाथि आश्रित थिए । मुआवजाको पखाईमा रहेका जनताका लागि कोशीको उकासका जग्गा नै जीविका धान्ने एकमात्र साधन थियो । आफनो दुर्भाग्यका कारण एकमुष्ट सम्पत्ति कटानमा परेर गएपछि उकासमा आएको सानो टुक्रा जग्गामा सन्तोष गर्नु पर्दाको पीडा थियो नै, तर पनि आफनो दिनचर्या ऐन तेन प्रकारेण चलाई रहेका थिए ।

२०३२ सालमा कोशीको यो भूभागमाथि राष्ट्रिय निकुञ्ज राख्ने सरकारको एकतर्फी निर्णयले स्थानिय जनतालाई सो भूभागबाट बलजती विस्थापित गरेकाले जनतामा सरकारप्रतिको आक्रोश बढेर गयो । शुरुका दिनमा खेतीपातीका लागि मानिसको प्रवेश बन्द गरेपनि ँगाईवस्तु चराउने, माछा मार्ने, खर पतवार काट्ने जस्ता जनताको आवश्यकतालाई ध्यानमा राखी मृगकुञ्जले केही खुकुलो गरेको थियो । यसै कामलाई कहिले प्रतिबन्ध लगाउने त कहिले खुकुलो गर्ने क्रियाकलापको परिणामस्वरुप कमलपुर जनताको सेनासंग भिडन्त भएको घटना छ ।

ऋआफनो मूलधार परिवर्तन गर्दै हिंड्ने कोशीको पुरानो बानी हो । यसबाट नेपालभन्दा बिहारमा धेरै क्षति हुने गरेकोले कोशीलाई "बिहारको शोक" भन्ने चलन चल्यो । त्यसकारण बिहार सरकार कोशी नदी नियन्त्रण गर्ने अभियानलाई अगाडि बढायो । ०१८ सालको भीषण कटानले नेपालमा मात्र क्षति पुर्‍याएन बिहारका सयकडौं घर जग्गा बगायो । समय समयमा वस्तीका वस्ती विस्थापित हुने गरेको कारणबाट बिहार सरकारले कोशी प्रोजेक्टको नामबाट नदी नियन्त्रण गर्ने अभियान चलाउँदा ०१८ सालको कटान पछि सर्वे गरि कोशीमा काटिएको जग्गाको मुआवजा स्वरुप एकमुष्ट रकम नेपाल सरकारलाई बुझाई एग्रीमेन्टका आधारमा कोशीलाई आफनो कब्जामा लियो । कोशी कटान भएकै वर्ष कोशी बैरेजको २ वर्ष लगाएर निर्माण कार्य सकियो । पूर्व पश्चिमलाई जोड्ने काम पनि ठूलो समस्याको रुपमा रहकोले र कोशीको नियन्त्रण गर्ने उद्देश्यले भारतको पहलमा कोशी बैरेजको निर्माण भएको हो । राजा महेन्द्र र भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरुबाट उद्घाटित कोशी बैरेजमा पूर्व पश्चिम दुवैतिर ठूल्ठुला नहरहरु निकालिए । कोशीको आधा जति पानी नहरको माध्यमले वितरण भएपछि यहाँबाट कोशीको दक्षिणपट्टि भारतको भूभागमा कोशीको शक्ति क्षीण बनाईयो । तर बैरेजदेखि उत्तर नेपालको भूभागमा कोशीको सम्पूर्ण पानी शक्तिशाली रुपमा बगि रहेकोले विनाशका सम्भावना विद्यमान थियो । त्यसैले चतरा नहरको निर्माण संगै कोशीको पूर्वी पश्चिमी तटबन्धलाई बलियोका साथ बाध्ने काम कोशी योजनामार्फत शुरु भयो । सप्तरीको बैरेजदेखि उदयपुरको बेलका पहाड (भागलपुर) सम्म पानीलाई छेक्ने २२वटा स्परको (तारको जालीमा ढुँगा राखी बाँध बनाउने) निर्माण भयो ।

कोशी कटानमा परेका जग्गाको मुआवजा वितरण गर्ने गराउने उद्देश्यले भारत सरकारले बुझाएको एकमुष्ट रकम वितरणको आशमा कोशी पश्चिमी तटबन्धका जनता अहिलेसम्म प्रतिक्षारत छन् । मुआवजा वितरण गर्ने भनेर लिएको रकम पंचायती सरकारले बाँडेन । बोधविक्रम पन्त लाईजिङ्ग अफसर भएको बेला उनका आसेपासे १५, २० जनाले पाए भन्ने हल्ला पनि चलेको थियो ।

०३१ सालमा यो भुभागलाई अमेरिकाको सहयोगमा राष्ट्रिय निकुञ्जमा परिणत गर्ने नेपाल सरकारले पुनश्च अर्को निर्णय गरि निकुञ्जमा पर्ने जग्गाको मुआवजा वितरण गर्न अमेरिकाबाट पनि सहयोग प्राप्त गर्‍यो । त्यो रकमबाट पूर्वतिरको कुशहा, मधुवन, प्रकाशपुर लगायतका कोशी पिडीतलाई जग्गा वितरण गरियो । पश्चिम तटबन्धका जनता भने प्रतिक्षारत नै रहे । ०४६ सालपछि देशमा प्रजातन्त्रको सरकार आयो । जनताले पंचायती सरकारले गरेको बेईमानीलाई हटाएर प्रजातान्त्रिक सरकारले कोशी पिडीत जनतालाई न्याय दिलाउँछ भनेर आशमा परेका जनता ४० वर्ष बिताई सक्यो तर कसैबाट मुआवजा पाएन ।

२०२६ सालको सर्वेपछि पनि सालाना लालपूर्जा भएको सयकडौं बीघा जग्गा कोशीले काटि लग्यो । लालपूर्जा भएको तर जग्गा आरक्षभित्र परेकोले जोती खाने उपाय नभएको, मालपोत तिर्नु पर्ने बाध्यताका कारण जनता बेला मौकामा भिडन्तको स्थिति सृजना गरि रहन्थ्यो । तत्पश्चात् जनताको ठूलो आवाजलाई लोकतान्त्रिक सरकारले सुनेर आरक्षभित्र लालपूर्जा भएको जग्गा जोत आवाद गर्ने अनुमति दियो । यो अनुमति पाएर जग्गाधनीलाई एकछिनका लागि खुशी प्राप्त भएपनि एकै बालीमा जंगली जनावरको उत्पात्ले खुशी सदाका लागि समाप्त भयो ।

***(मधेश दर्पण फिचर सेवा)***




## /Elg va/



# मह जोडीलाई सान्दे शेर्पा स्मृति पुरस्कार

सान्दे शेर्पा स्मृति पुरस्कार वरिष्ठ हास्य कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई प्रदान गरिएको छ । त्यसैगरी, सान्दे शेर्पा प्रतिभा पुरस्कार हास्यव्यंग्य कलाकार मनोज गजुरेल तथा सान्दे कर्शेर्पा स्मृति पुरस्कार हास्य कलाकार पासाङ टी शेर्पालाई प्रदान गरिएको छ । शेर्पाको स्मृतिमा हरेक वर्ष प्रदान गरिने पुरस्कार यस वर्ष हास्य कलाकारलाई दिइएको हो ।

पुरस्कारको राशि क्रमशः ३१ हजार रूपैयाँ तथा ट्रफी, १० हजार एक सय ११ रूपैयाँ तथा ट्रफी र १० हजार एक सय ११ रूपैयाँ तथा ट्रफी हो । हिमालयन शेर्पा सांस्कृतिक केन्द्रद्वारा आयोजित कार्यक्रममा पुरस्कार छनोट समितिका सदस्य वरिष्ठ चलचित्र निर्देशक तथा निर्माता यादव खरेलले पुरस्कार छनोट प्रक्रियालाई सबै क्षेत्रबाट सूक्ष्म अध्ययन गरेको बताए । यो पुरस्कार राष्ट्रिय स्तरका कलाकारलाई मात्र प्रदान गर्नुभन्दा पनि सीमान्तकृत समुदाय शेर्पाका प्रतिभाशाली व्यक्तिलाई प्रदान गर्दा अझ प्रोत्साहन हुने उनले बताए ।

कार्यक्रममा राजाराम पौडेलले अमेरिकामा पछिल्लोपटक भेट हुँदाका घटना सम्झिए । कलाकार दिनेश डिसीले सान्दे शेर्पासँग क्याम्पस पढ्दा निकटतम् मित्र रहेको स्मरण गरे । कार्यक्रमका प्रमुख अतिथि संस्कृतिविद् सत्यमोहन जोशीले हास्यव्यंग्य क्षेत्र राजा-महाराजा खुसी पार्ने डबलीबाट सुरु गरेर अहिले व्यावसायिक बनेकोमा खुसी व्यक्त गरे ।

# सलमानजस्तै यार खोज्दै सोनिका



गायिका सोनिका लामाले मलाई 'सलमानजस्तै यार चाहियो' बोलको म्युजिक भिडियो बिहीबार सार्वजनिक गरेकी छिन् । केही समयअघि 'जवानीमा लाली चढ्यो' बोलको गीतको भिडियो दर्शकमाझ ल्याएकी उनको सलमानजस्तै यार चाहियोमा सलमानका रूपमा अभिनेता सबिन श्रेष्ठ प्रस्तुत भएका छन् ।

सोनिकाले चौथो एल्बम 'सोनिका'मा समावेश उक्त गीतमा सबिनसँग उनी आफैंले अभिनय गरेकी छिन् । दशरथ गिरीले निर्देशन गरेको सो भिडियो रामेश्वर कार्कीले खिचेका हुन् । केदार नेपालीको शब्द र संगीत रहेको गीतले आमदर्शकको मन जित्ने विश्वास सोनिकाको छ । उनले यसअघि 'कस्तो यो जीवन', 'बेसहारा' र 'सोनिकाको जवानी' नामका तीन एल्बम श्रोतामाझ ल्याइसकेकी छिन् ।

# केशवको बिसे नगर्चीको खोजी

केशव श्रेष्ठको संस्मरणात्मक कृति 'बिसे नगर्चीको खोजी' शनिबार सार्वजनिक भएको छ । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति वरिष्ठ साहित्यकार सरुभक्त तथा साहित्यकार एवं अर्थशास्त्री डा. विश्वम्भर प्याकुरेलले पुस्तकको संयुक्त विमोचन गरेका हुन् ।

विमोचित कृतिमाथि साहित्यकार तथा अर्थविद् डा. विश्वम्भर प्याकुरेल, कवि श्यामल, पुरूषोत्तम आचार्य, निमेष निखिल, रामकाजी कोनेले बोलेका थिए । कृति साहित्यिक मूल्यवेत्ताकात्ता हिसाबले महत्वपूर्ण रहेको र यसले अर्थशास्त्रीय दृष्टिले समेत आर्थिक विकासका नयाँ मोडलहरु प्रस्तुत गर्न सफल भएको वक्ताहरूले बताए । कृतिमा लेखक-जीवनका विभिन्न आयाम प्रस्तुत गरिएका छन् भने नेपालजस्ता विकासोन्मुख मुलुकहरूमा आर्थिक विकास तथा समृद्धिका लागि सञ्चालन गर्न सकिने विकासका मोडलहरु पनि प्रस्ताव गरिएका छन् ।

साहित्य र अर्थशास्त्रको फ्युजनका रूपमा रहेको यो कृति सबैका लागि पठनीय रहेको कार्यक्रमका वक्ताहरूले बताए । यसअघि लेखकका साहित्यिक तथा गैरसाहित्यिक गरी विभिन्न एक दर्जन कृतिहरु प्रकाशित छन् ।




# कमलदेवको संक्रमणकाल

पत्रकार कमलदेव भट्टराईको समकालीन राजनीतिक इतिहास 'संक्रमणकाल' शनिबारदेखि बजारमा आएको छ । पुस्तकमा १२ बुंदे समझदारीदेखि संविधान निर्माण र भारतीय नाकाबन्दीसम्मका घट्नाक्रमलाई विस्तृतमा समेटिएको छ ।

काठमाडौं पोस्टका उपसम्पादकसमेत रहेका भट्टराईको पुस्तकले १२ बुंदे समझदारीयताका राजनीतिक घट्नाक्रमको भित्री पाटोलाई उजागर गरेको छ । लेखकले भारतमा १२ बुंदे सहमति हुनुको भित्री रहस्य, राजा र दलहरूबीचको सहकार्य र तनाव, प्रतिनिधिसभाको घोषणापत्रलगायतका घटनाको भित्री पाटो खोतल्ने प्रयास गरेका छन् । राजा र दलहरूलाई मिलाउन शक्ति राष्ट्रहरूले गरेको जोडबारे पनि पुस्तकमा उल्लेख छ । 'पहिलो संविधानसभा भंग हुनुका कारण र पहिलो संविधानसभाबाट संविधान किन बन्न सकेन भन्ने विषयमा पनि पुस्तकमा विवरणहरु समेटिएका छन्,' भट्टराईले भने । उनका अनुसार १२ बुंदे सहमतिपछिका विभिन्न कालखण्डमा नेपाली राजनीतिले भोगेका उतार-चढाव पुस्तकमा दस्ताबेजका रूपमा प्रस्तुत गरिएको छ ।

पुस्तकमा नेपालको इतिहासमा नै प्रधानन्यायाधीशको नेतृत्वमा सरकार गठन हुनुका पछाडिका कारण पनि खोतलिएको छ । त्यसैगरी, दोस्रो संविधानसभाबाट माओवादी कमजोर हुनुको कारणबारे पनि लेखिएको छ । संविधान निर्माण, मधेस आन्दोलन र भारतीय नाकाबन्दीको भित्री पाटोलाई पनि पुस्तकमा समेटिएको छ । पुस्ताक बुक-हिल पब्लिकेसनले बजारमा ल्याएको हो । दुई सय ४० पृष्ठको पुस्तकको मूल्य तीन सय ५५ रूपैयाँ राखिएको छ ।

# लक्ष्यका लागि जुट्यो युनिट

चैत ५ गते प्रदर्शन हुन लागेको फिल्म 'लक्ष्य'को प्रमोसनमा निर्माण युनिट जुटेको छ । निर्माता ओमलाल गुरूङले बिहीबार राजधानीमा लक्ष्यका प्रमुख अभिनेता, अभिनेत्री तथा निर्देशकको जमघट गरी आफ्नो फिल्मबारे बताएका छन् ।

मिलन आलेमगरको निर्देशनमा बनेको एक्सन लभस्टोरी लक्ष्यको प्रचार-प्रसारणमा सबिन श्रेष्ठ र अनु शाह खटिएका छन् । यसअघि 'आधी बाटो' फिल्ममा सँगै अभिनय गरेका सबिन र अनु दोस्रोपटक लक्ष्यमा सँगै देखिन लागेका हुन् । आफूहरूको 'क्यामेस्ट्री' मिल्ने दाबी उनीहरूको छ । 'फिल्मभित्र मात्र होइन, बाहिर पनि हामी निकै मिल्छौं,' अनुले भनिन्, 'सबिन मेरो बेस्ट फ्रेन्ड हुन् ।' अनुको कुरामा सबिनले सहमति जनाए । 'अनु र म निकै नजिकका साथी हौं । हाम्रो क्यामेस्ट्री दर्शकले पनि राम्रो मान्ने गरेको पाएको छु ।' उनीहरूले 'लक्ष्य' निकै कमर्सियल फिल्म भएकाले दर्शकलाई फिल्म हेर्न अनुरोध गरे ।



सुशील पंगेनीले लेखेको लक्ष्य सुमन तण्डुकारले खिचेका हुन् । निर्माता गुरूङले दर्शकको मनोरञ्जनका लागि फिल्ममा मन फुकाएर खर्च गरेको बताए ।

## skf/6

# सेन्चुरी बैंकको लाभांश पारित

सेन्चुरी कमर्सियल बैंकको पाँचौं वार्षिक साधारणसभाले सेयरधनीलाई ९ प्रतिशत बोनस सेयर र ०.४७ प्रतिशत नगद लाभांश वितरण तथा ३० प्रतिशत हकप्रद सेयर जारी गर्ने प्रस्ताव पारित गरेको छ ।

साधारणसभाले संस्थापक सेयरधनीमध्येबाट लक्ष्मणकुमार श्रेष्ठ, श्रीमती उमाकुमारी श्रेष्ठ, राजेशराज दली र महेशकुमार अग्रवाललाई सञ्चालक समितिमा निर्वाचित गरेको बैंकले जनाएको छ । बैंकले हाल ३१ शाखा, २८ एटिएम, ९ शाखारहित बैंकिङ र दुई एक्स्टेन्सन काउन्टरबाट बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

# एसबिआई बैंकको लाभांश पारित

नेपाल एसबिआई बैंकको २२औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारणसभाले बैंकको आव ०७१/७२ को सञ्चालक समितिको प्रतिवेदन, नाफा नोक्सान बाँडफाँड हिसाबलगायत वार्षिक आर्थिक विवरण पारित गरेको छ । बैंकले आ.व. ०७१/७२ मा १,६३,०३,३२,८२६ सञ्चालन मुनाफा र १,०६,५४,३६,१४१ रूपैयाँ खुद मुनाफा आर्जन गरेको साधारणसभामा जानकारी दिइएको थियो । साधारणसभाले बैंकका सेयरधनीलाई चुक्ता पुंजीमा २७ प्रतिशतका दरले बोनस सेयर र १.४२ प्रतिशतका दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पनि पारित गरेको छ ।

त्यस्तै, अधिकतम २ अर्ब ६० करोडसम्म हकप्रद सेयर निष्कासन गर्ने र अन्तिम लेखापरीक्षणबाट कायम हुन आउने प्रतिसेयर नेटवर्थको सीमाभित्र रही हकप्रद सेयरको प्रिमियम निर्धारण गर्नेलगायत सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्तावसमेत साधारणसभाले पारित गरेको छ । बैंकका हाल ६७ शाखा र ८१ एटिएम सञ्जाल छन् ।

# सिआइटी-राष्ट्रिय बिमा कम्पनी सम्झौता

नागरिक लगानी कोष र राष्ट्रिय बिमा कम्पनीबीच उपदान/निवृत्तिभरण कोष योजना सञ्चालनसम्बन्धी सम्झौता भएको छ । सम्झौतामा कोषका कार्यकारी निर्देशक रामकृष्ण पोखरेल र बिमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत वीरविक्रम रायमाझीले हस्ताक्षर गरेका हुन् ।

बिमा कम्पनीका निवृत्तिभरक कर्मचारीका लागि पेन्सन, वितरणलाई सहज र सरल बनाउन तथा कम्पनीका सेवानिवृत्त कर्मचारीलाई निवृत्तिभरणबापतको रकम भुक्तानी सुनिश्चितता प्रदान गर्न सम्झौताले सहयोग पुऱ्याउने कोषले जनाएको छ ।

# एनसेलको ग्राहक सचेतना

मोबाइलसेवाप्रदायक कम्पनी एनसेलले ग्राहक सचेतना पहल सुरु गरेको छ । पहलअन्तर्गत कम्पनीले डेटा ग्राहकलाई आफ्नो मोबाइलमा ब्याकग्राउन्ड डेटा बन्द गरेर अनावश्यक ब्यालेन्स खर्च हुनबाट जोगिन सुझाव दिएको छ ।

विशेषगरी स्मार्ट फोनमा रहेका विभिन्न एप्लिकेसनले स्वतः अपडेटलगायतमा डेटा खपत गर्ने भएकाले विनाजानकारी डेटा प्रयोग हुनबाट रोक्न ब्याकग्राउन्ड डेटा डिसएबल गर्नुपर्ने कम्पनीको भनाइ छ । यसबाट ग्राहकलाई इन्टरनेट नचलाउँदा पनि ब्यालेन्स काटिएको अनुभवबाट सुरक्षित राख्न सकिने कम्पनीले बताएको छ । पहलअन्तर्गत कम्पनीले ग्राहकलाई मोबाइलमा इन्टरनेट नचलाउँदा पनि ब्याकग्राउन्डमा रहेका अपरेटिङ सिस्टम तथा एपले डेटा खपत गर्न सक्ने र यसले गर्दा लाग्ने डेटा शुल्कबारे विभिन्न जानकारीमूलक सन्देश दिनेछ ।

'डेटा प्रयोगकर्ताको संख्या बढिरहेको अहिलेको अवस्थामा ग्राहकलाई सुसूचित रहन तथा विनाजानकारी हुने संभावित डेटा प्रयोग र शुल्कबारे जानकारी दिन यस्तो पहल जरूरी छ,' एनसेलका कर्पोरेट संवाद विज्ञ मिलन शर्माले भने ।

# एनबी बैंक सिइओ ढुंगाना पुरस्कृत

नेपाल बंगलादेश (एनबी) बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानालाई यो वर्षको उत्कृष्ट व्यवस्थापक पुरस्कार प्रदान गरिएको छ ।

नेपाल व्यवस्थापन संघले हरेक वर्षझैं यस वर्षको उत्कृष्ट व्यवस्थापकलाई सम्मान गर्न आयोजित समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट सन् २०१५ को उत्कृष्ट व्यवस्थापक पुरस्कार सिइओ ढुंगानालाई प्रदान गरिएको हो । नेपाल बंगलादेश बैंकलाई उत्कृष्ट बैंकका रूपमा पुनर्स्थापित गर्न ढुंगानाले खेलेको व्यवस्थापकीय भूमिकाका लागि सम्मान प्रदान गरिएको नेपाल व्यवस्थापन संघले जनाएको छ ।

बैंकको हाल चुक्ता पुंजी ३.०३ अर्ब, निक्षेप ३५.५० अर्ब, कर्जा लगानी २९.१७ अर्ब रूपैयाँ छ । बैंकले आव ०७१/७२ को मुनाफाबाट सेयरधनीलाई २५ प्रतिशत बोनस सेयर वितरण गरेको थियो ।

# लक्ष्मी बैंकको घर कर्जा

लक्ष्मी बैंकले वैशाखमा गएको भूकम्पमा क्षति पुगेका घरको पुनर्निर्माणमा ल्याएको माइक्रो मोर्टगेज स्किमअन्तर्गतको पहिलो घर कर्जा वितरण गरेको छ । उक्त कर्जा भन्ज्याङपोखरी, छत्रे देउराली धादिङका एक ग्राहकले प्राप्त गरेका हुन् । नेपाल राष्ट्र बैंकको भूकम्पप्रभावित घरहरूको पुनर्निर्माणमा ल्याइएको रिफाइनान्सिङ स्किम ०७२ अन्तर्गत सो घर कर्जा ल्याएको हो । यसको वार्षिक ब्याजदर २ प्रतिशतमा प्रदान गरिएको बैंकले जनाएको छ । सोही स्किमअन्तर्गत लक्ष्मी बैंकले आफ्नो माइक्रो फाइनान्स सब्सिडियरी लक्ष्मी लघुवित्त वित्तीय संस्थासँगको साझेदारीमा भूकम्पप्रभावित क्षेत्रका ६ सयजना योग्य ऋणीहरूमा उक्त कर्जा प्रदान गर्ने लक्ष्य लिएको छ । यस अभियानलाई डिएफआइडी नेपालको 'सक्षम-एक्सेस टु फाइनान्स' कार्यक्रमले समेत सहयोग दिएको बैंकले जनाएको छ ।

## सुशीललाई...

सम्बन्धमा नेपाली कांग्रेसले अनुसन्धान गर्न जरूरी छ । किनभने सुशील कोइराला संविधान जारी गराउन सफलता प्राप्त, शालिन र शान्त स्वभावका नेता थिए । एमालेका बरिष्ठ नेता माधवकुमार नेपालले सत्य बोलेका छन्– सुशील कोइरालाले चाहेको भए संविधान जारी नहुन पनि सक्थ्यो । सुशीलकै दृढशक्तिका कारण संविधान जारी हुनसम्भव भएको हो ।

जेहोस्, नाकावन्दीका कारण आमनागरिकले अकालमा मृत्य बरण गर्नुपर्‍यो । यसको जिम्मेवारी सरकार, संसद, संविधानवादी कसैले लिएनन् । नाकावन्दी खुल्यो, सुशील कोइराला दैलोमै भएको टिचिङ अस्पताल एम्बुलेन्स नपाएर पुग्नसकेनन् र इहलीला त्याग्न बाध्य भए ।यी संयोगहरू पछि पछि पर्नुहुन्न । यसकारण पनि सुशील कोइरालाको मृत्य सामान्य हो कि असामान्य ? छानबिन जरूरी छ भन्ने आवाज नेपाली कांग्रेसभित्रैबाट उठ्न थालेको छ ।

## ओलीको...

यद्यपि परराष्ट्रमन्त्रीको दुईपटकको भारत भ्रमण र अर्थमन्त्री विष्णु पौडेलको भ्रमणपछिमात्र भारतले नाका सहज पारिदिएको हो । मधेसी मोर्चाले नाकामा भइरहेको आन्दोलनलाई सहरकेन्द्रित गरेको हो । तर, एकाएक यसरी नाका खुल्छ भन्ने अनुमान कसैले गरेका थिएनन् । ५ महिना लामो नाकावन्दी खुलेको छ, नेपालमा इन्धनको सहज आपूर्ति बन्दोबस्दै हुँदैछ । तर पनि ओली सरकारले भारतको मानवताविरोधी नाकावन्दी आइन्दा हुनेछैन भन्ने प्रत्याभूति खोज्न छाडेर सुषमा स्वराजको कानेखुशीमा अल्भने र भारत जाँदा मेजमानीमा भुल्ने हो भने नेपालले भविष्यमा पनि नाकावन्दी भेल्नुपर्ने छ । २०२७ र २०४५ सालमा जुन गल्ती गर्नाले २०७२ सालको नाकावन्दी भेल्नुपर्‍यो, पछि पछि पनि त्यस्तै पीडा बेहोर्नुपर्नेछ ।

विज्ञ समूह गठन गरेर फिड व्याक लिएका छन् प्रम ओलीले । भारतसँग उठाउनुपर्ने विषय के के हुन्, गर्नुपर्ने वार्ता र पुग्नुपर्ने सहमतिका एजेन्डा कुन कुन हुन् भनेर विज्ञसमूहले सुभाएका छन् । ती सबैको टिपोट बोकेर र राजनीतिक सहमतिको शक्तिका साथ प्रम ओली दिल्ली गए भने उनको स्तर र ओजन दुबै बढ्नेछ । होइन, उही हावादारी गफ गर्ने शैलीमा दिल्ली जाने र फर्कने हो भने दिल्लीले यसपटक केपी ओलीलाई संविधानमा भारतको आदेशमा गरेको अटेरीको बदला लिनसक्ने अनुमान गरिएको छ ।

विश्लेषकहरू भन्छन्– यही मौकामा भारतले जलविद्युतमा आफ्नो लाभ हेर्नेछ, पानीको अधिकार लिनेछ, निजगड जोड्ने फास्टट्र्याकमा भारतको हित साध्नेछ र निजगड बिमानस्थलको ठेक्का पनि भारतले नै पाउनेछ । यी सबै विषय नेपाल र नेपालीको हितमा अघि बढिरहेका छैनन् । यी विषयहरूमा पर्याप्त संसदीय छलफल, विज्ञविशेषज्ञको सुभाव र नेपालीको हितमा निर्णय गर्नुपर्ने विषय हुन् । तर, प्रम ओलीको भ्रमणमा मधेसी जनताको आन्दोलन, तिनको मागमा अल्भाएर उपरोक्त विषयमा भारतीय पक्षपोषण गर्नेगरी सन्धि हुनसक्ने खतरा देख्न थालिएको छ ।

स्रोत भन्छ– प्रधानमन्त्रीका विशेष दूतका रूपमा भारत गएका अर्थमन्त्री विष्णु पौडेलले पठाएको रिपोर्टको बुभबुभारथ गर्ने प्रधानमन्त्रीका किचेन क्याविनेटका सदस्यहरू भारतले सन्धिसम्भौता गर्न चाहेको संकेत गरेका छन् । नेपालमा हुन थालेको पुननिर्माणमा सघाउने, नेपाललाई चाहिने इन्धन दिने र नेपालको विकासमा सघाउने आवरणमा भारतले आफ्नो अभिष्ठ साध्ने तैयारी साउथब्लकले थालिसकेको छ । यसकारण ओलीको यस भ्रमणमा कुनै पनि सन्धि सम्भौता गर्न नहुने जनआवाज छ । तथापि भारतवादी भनिएका विज्ञसमूहका सदस्यले १९५०लगायतका असमान सन्धि पुनरावलोकनको कुरा उठाउन भनेका छन् ताकि भारतलाई सजिलो होस्, र, त्यही अवसर छोपेर भारतले प्रम ओलीलाई नेपालको हितबिरोधी सन्धिमा सही गराउने वातावरण बनोस् ।

प्रम केपी ओली सचेत नहुने हो भने सय दिनको कार्यकाल कालाम्मे भएभैं केपीको भारतभ्रमण पनि कलंकपूर्ण हुने निश्चित छ । स्मरणीय के पनि छ भने केपी र भारतका नेताहरूवीच घनिष्ठ सम्बन्ध छ । र, केपीको जीवनमा भारतले हुनसम्मको गुण लगाएको छ ।

## एमाओवादीलाई...

छ । उनको न्यालमा स्वाइनफ्लू देखियो र उनको उपचार प्रारम्भ भइसक्यो, निको होस् ।

सत्ताधारी त्यति ठूला र प्रभावशाली नेतालाई कसरी स्वाइनफ्लू भयो, यो आश्चर्यको विषय हो । स्वाइनफ्लू सामान्य जनतालाई लाग्ने रोग हो । केही दिनअघि तनहुँका गरिबहरू स्वाइनफ्लूबाट पीडित भए । तिनलाई ग्याण्डी अस्पताल ल्याइयो र पछि उनको मृत्यु पनि भयो । डाक्टरका अनुसार समयमै उपचार प्रारम्भ हुननसक्नाले उनको मृत्यु भएको हो ।

सुशील कोइराला निमोनियाले गए । उनलाई हेर्न गएका अर्का नेता नरहरि आचार्य ब्रेन ह्यामरेज भएर अस्पतालमा मर्नु बाँच्नुको दोसाँधमा छन् । यही बेलामा माओवादी नेता नारायणकाजीलाई स्वाइनफ्लू भयो । आखिर के हुनथाल्यो नेपाली नेताहरूलाई । भूकम्पको पीडा, नाकावन्दीको हाहाकार खेपिरहेका आमजनता भन्न थालेका छन्– जनताको सराप लाग्यो, नेताहरूलाई जनताको पाप लाग्यो ।

## भारतले...

संशोधन प्रस्ताव अघि बढाउन कोइरालाले खेलेको भूमिकाको प्रशंसा गर्दै संविधान संशोधनपछि जारी रहेको असहज अवस्था हटेको भन्दै भारतीय विदेशमन्त्री स्वराजले कोइरालालाई आफ्नो मिशन पुरा गर्न सफल भएको बताएकी थिइन । तर तिनै कोइराला प्रधानमन्त्री हुँदा भारतले अघोषित नाकाबन्दी गरेर नेपाल र नेपाली जनतालाई संकटमा पारेको भारतले कोइरालाको निधनपछि उनको प्रशंसा गर्नुको कुनै अर्थ रहँदैन । कोइराला परिवारसँग घनिष्ठ सम्बन्ध थियो भने किन र केका लागि अघोषित नाकाबन्दी गरेर नेपालको अर्थतन्त्रलाई डामाडोल बनाइयो । यसको जवाफ भारतले दिनु पर्दैन ?

कोइरालालाई श्रद्धाञ्जली अर्पण गर्न काठमाडौं आएकी भारतीय विदेशमन्त्री सुष्मा स्वरोजले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी ओली, र कांग्रेस उपसभापति रामचन्द्र पौडेल, वरिष्ठ नेता शेरबहादुर देउवासग भेटघाट गरेकी थिइन् । प्रधानमन्त्री ओलीसँगको भेटमा स्वराजले नेपाललाई परेको दुःखमा भारत साथमा रहेको बताएकी थिइन । सो अवसरमा प्रधानमन्त्री ओलीको भारत भ्रमणका बारेमा समेत चर्चा भएको सत्रुले दाबी गरेको छ । विदेशमन्त्री स्वराजको टोलीमा कांग्रेसआईका नेता, भारतीय कम्युनिष्ट पार्टीका नेता लगायत अन्य केही नेताहरू काठमाडौं आई त्यसैदिन भारत फर्किएका थिए ।

## प्रधानमन्त्री...

बताएका हुन् । संविधान जारी भइसकेपछि प्रचुर सम्भावनालाई नेकपा एमालेले आफ्नो क्षमताको पूर्ण सदुपयोग गर्न नसकेको बताउँदै पार्टीभित्रको योग्यता, क्षमताको समुचित मूल्यांकन गर्ने परिवपाटीलाई लागु गर्न अधयक्ष ओली दुवै मोर्चा प्रधानमन्त्री र पार्टी अध्यक्षबाट नसकेको अरोप लगाएका छन् । पछिल्लो समयमा कार्यकर्ताभित्र भेदभाव गर्ने प्रवृत्ति व्याप्त भएको आरोप लगाउँदै नेता नेपालले नीति तथा कार्यक्रमका बारेमा आजसम्म कुनै छलफल र बहस नभएको बताएका छन् । पत्रकारहरूसँग भएको छलफलमा उनले भने पार्टीभित्र सरकार सञ्चालनका बारेमा या अन्य कुनै विषयमा छलफल समेत नहुने गरेको भन्दै ओलीको त्यो प्रवृत्तिले गर्दा पार्टीलाई नै नोक्सान पारेको उद्घोष समेत गरेका थिए । पार्टी अध्यक्ष अर्को भइदिएको भए अध्यक्षले बैठक बोलाइदिएनन् भन्ने ठाउँ हुन्थ्यो, तर ओली नै अध्यक्ष भएको हुनाले ओलीले त्यो भन्ने ठाउँ नै नरहेको भन्दै आफूले समय दिनुपर्ने र पार्टी सरकार सञ्चालनमा पार्टीभित्र व्यापक छलफल र बहस चलाउन पार्टी अध्यक्ष ओलीसँग माग समेत गरेका छन् ।

नेता नेपालले पाल्पाका एमाले कार्यकर्ताहरूको भेलामा समेत संविधान मुलुकको वर्तमान अवस्थाको विश्लेषणसहित पार्टी सञ्चालनको विधि र सरकारको कामकाबराहीका विषयमा आफ्ना सुभावहरू राखेका थिए । पछिल्लो. समयमा नेता नेपाल सरकार र पार्टी अध्यक्षका विरूद्ध खुलेरै विरोधमा उत्रिएका हुनाले पार्टी अध्यक्ष ओली पक्षीय नेता तथा कार्यकर्ताहरूले केही दिन भित्रैमा नेता नेपाललाई कडा जवाफ दिने रणनीतिमा लागेको एक ओली पक्षीय नेताले बताएका छन् । स्मरणरहोस् नेता नेपाल केपी ओलीसँग पार्टी अध्यक्षका लागि चुनाव लडेका र थोरै मतले चुनाव हारेका व्यक्ति भएपनि पछिल्लो समयमा नेता नेपाल पार्टीभित्र आफ्नै हैसियत बढाउन कम्मर कसेर देश दौडाहामा लागेका छन् । अर्का वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री भलनाथ खनालसँग समेत नेपालले हात मिलाएर ओली नेतृत्वको सरकारको विपक्षमा उभिएका हुनाले ओलीलाई पार्टीबाहिरको भन्दा उनकै पार्टीभित्रबाट संकट बढेको एक नेताले बताएका छन् ।

## सरकारको...

फेला नपरेको वाणिज्य विभागले नै बताएको छ । ग्यासको हाहाकार भएपछि सरकारले आधा सिलिन्डर ग्यास विक्री वितरण गर्ने निर्णय गरेपनि केही उद्योगहरूले सरकारको निर्देशनलाई पालना गर्ने बताएपनि भित्रभित्रै फुल ग्यास भरेर कालोबजारीमा बेचेका थिए, तर कर्पोरेशनले सरकारको आदेशलाई स्वीकार गर्दै आधा सिलिन्डर ग्यास बिक्री वितरण गरेर एक जनाको ठाउँमा दुई जनाको चुलो बाल्न सहयोग गरेके थियो । यसरी एउटा कम्पनीले सहजरूपमा ग्यास उपलब्ध गराएको थाहापाएपछि दिनहुँ कर्पोरेशनको ढोकामा ग्यास उपभोक्ताहरू पुग्नुले साल्टट्रेडिङ कर्पोरेशनमाथि उपभोक्ताहरूले गरेको विश्वास र भरोसालाई कर्पोरेशनले धोका दिनुहुँदैन । कर्पोरेशनमा रहेका उच्चतहको व्यवथापकीय व्यवस्थापन र त्यहाँ कार्यरत अन्य उच्चतहका सबै योग्य र दक्ष कर्मचारीहरू धन्यवादका पात्र रहेका छन् । कर्पोरेशनले नाकाबन्दीका बेलामा समेत देखाएको सौहार्दपूर्ण व्यवहार र उच्च व्यवस्थापनले गर्दा अब सरकारले कर्पोरेशनलाई सहयोग गर्दै विपदको बेलामा समेत त्यसले पुर्‍याएको सहयोगलाई मध्यनजर राख्दै कर्पोरेशनलाई अभ सहयोग गर्नुपर्ने आवश्यकता देखिएको छ । हुनत कर्पोरेशनले मुलुकभरमै विभिन्न प्रकारका नुनहरू विक्रीवितरण गरेर नेपाली जनतालाई ठूलो गुन मात्र लगाएको छैन, नूनको ठाउँमा उसले विभिन्न प्रकारका रोगको प्रतिरोध गर्ने औषधीको रूपमा नून बेचिरहेको छ । त्यही नूनका कारण लाखौं जनता अपांग,अन्धो हुनबाट जोगिएका छन् । त्यसैले भन्नसकिन्छ, एउटा पब्लिक प्राइभेट पार्टनरसिप अन्तर्गत गठन भएको संस्थाले चाहेमा मुलुकको प्रगतिका लागि ठोस् कदम चाल्न सक्दोरहेछ भन्ने प्रमाण त साल्टट्रेडिङले देखाइसकेको छ । कर्पोरेशनको उच्चस्तरीय व्यवस्थापन र दक्ष अनि योग्य कर्मचारीहरूको योग्यता र दक्षताको प्रयोगले नै त्यो सम्भव भएको हो । विपदका बेला धनी, गरिब नभनी समान रूपमा व्यवहार गर्न सक्नु नै कर्पोरेशनको अर्को महान विशेषता हो । कर्पोरेशनको ढोकामा भेटिएका एक उपभोक्ताले भने जय होस् कर्पोरेशनको व्यवस्थापकीय बोर्ड र त्यहाँ कार्यरत कर्मचारीहरूको ।

## आचार्यको..

पानीमा रगत जमेको छ । यसले बोलीमा समस्या देखिएको डा. देवकोटाले बताए । 'मस्तिष्कको दायाँ भागमा हुने पानीमा रगत जमेको देखिएको छ,' उनले भने, 'त्यसको असर बोलीमा र शरीरको दाहिने भागमा देखिएको छ ।'

डा. देवकोटाले आचार्यको तत्काल शल्यक्रिया गर्ने अवस्था नभएको पनि बताएका छन् । तत्काल शल्यक्रिया गर्दा ७१ प्रतिशत असफल हुने र शल्यक्रिया नगर्दा ५१ प्रतिशत उपचार सफल हुने पनि उनको भनाइ छ । उनका अनुसार आचार्यलाई समयमा नै अस्पताल पुर्‍याएका कारण सकारात्मक आशा छ । 'हामी आशावादी छौं,' देवकोटाले भने, 'यसअघि १५ वटा यस्तै केस हामीले पूर्ण रूपमा ठीक गरिसकेका छौं ।'

यसअघि सभापति कोइरालालाई श्रद्धाञ्जली दिएर बाहिर निस्कनासाथ नेता आचार्य बेहोस भएर लडेपछि उनलाई गंगालाल हृदयरोग केन्द्रमा लगिएको थियो । प्रारम्भिक परीक्षणपछि मस्तिष्कघात भएको हुनसक्ने आशंकामा उनलाई न्युरो अस्पताल लगिएको थियो ।


घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोग व्याधिबाट बचौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग







सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार